# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

प्रस्तुत शोधपत्रको शीर्षक कक्षा चारको 'मेरो नेपाली किताब' र कक्षा चारको 'सरल नेपाली माला'मा समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन रहेको छ । यो शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली शिक्षा विभाग स्नातकोत्तर तह द्वितीय वर्षको पाठ्यांश (ने.पा.शि. ५९८) को उद्देश्य पूरा गर्ने प्रयोजनले तयार गरिएको छ ।

हाम्रो देश नेपालमा सरकारी र निजी गरी दुई किसिमको विद्यालयहरू सञ्चालित छन् । यी विद्यालयहरूमा पठन-पाठन गराउनका लागि सरकारी र निजी स्तरबाट एउटै पाठ्यक्रमका आधारमा भिन्नाभिन्नै पाठ्यपुस्तकहरू निर्माण गरी प्रयोग गर्ने काम भएको छ ।सरकारी विद्यालयहरूमा नेपाल सरकारद्वारा निर्माण गरिएका भाषा पाठ्यपुस्तकहरू उपयोगमा ल्याइएका छन् । त्यसैगरीनिजी स्तरमा सञ्चालित विद्यालयहरूमा केही विद्यालयहरूले नेपाल सरकारबाट नै उत्पादित नेपाली भाषापाठ्यपुस्तकको प्रयोग गरिएतापनि अधिकांश निजी विद्यालयहरूमा विभिन्न लेखक, सम्पादक र प्रकाशकबाट उत्पादित पाठ्यसामग्रीहरू प्रयोग गरिएको पाइन्छ । सरकारी विद्यालयको भन्दा निजी विद्यालयको शैक्षिक पठनपाठन र वार्षिक परीक्षाफलको नतिजा समेत उत्कृष्ट हुने गरेको पाइन्छ । वर्तमान सन्दर्भमा सामुदायिक विद्यालयहरू बन्द भई समायोजन समेत भइरहेको अवस्था छ तर निजी बोर्डिङ स्कुलहरू विकसित अवस्थामा अगाडि बढिरहेको उदाहरण थुप्रै पाइन्छ ।

नेपाली भाषा नेपालमा बस्ने सम्पूर्ण नेपालीहरूको लागि सरल, बोलचालको भाषा, साझा सम्पर्कको भाषा, विचार विनिमयको साधनको रूपमा रहेको छ । नेपाली भाषालाई नेपालको कानुनले संवैधानिक मान्यता प्राप्त गरेको छ । त्यसकारण नेपाली भाषा सरकारी काम काज, राष्ट्रभाषा र मानक तथा पठनपाठनका लागि स्तरीय भाषाको रूपमा रहेको छ । प्राथमिक तह, निम्न माध्यमिक तह र माध्यमिक तहमा नेपाली भाषालाई अनिवार्य रूपमा पठन पाठन गर्न नेपाल सरकारले पाठ्यक्रम तय गरी नेपालको ७५ वटै जिल्लामा कार्यान्वयन गरेको छ । यसै गरी उच्च मा.वि. +२, स्नातक तह,स्नातकोत्तर तह, एम.फिल. र अनुसन्धान तहसम्म नेपाली भाषा अनिवार्य र ऐच्छिक विषयका रूपमा पठन पाठन

गरिनुबाट नेपाली भाषाको विकास तीव्र रूपमा भएको पाइन्छ । नेपाली भाषाको सैद्धान्तिक अध्ययनभन्दा प्रायोगिक अध्ययनलाई बढी जोड दिने विषय क्षेत्र हो । खासगरी भाषाको विभिन्न विधाहरू रहेको हुन्छ । तिनै विधाहरूको शिक्षण पश्चातः सुनाइ, बोलाइ, पढाइ र लेखाइ आधारभूत भाषिक सीपहरूको विकास प्राप्त गर्ने उद्देश्यले 'मेरो नेपाली किताब','सरल नेपाली किताब','नेपाली शृङ्खला','मेरो नेपाली माला','सजिलो नेपाली माला', 'हाम्रो नेपाली किताब' आदि भाषा पाठ्यपुस्तकहरू उपयोगमा ल्याइएका छन् । प्रस्तुत अध्ययन कक्षा चारको फरक फरक नेपाली पाठ्यपुस्तकभित्र समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययनसँग सम्बन्धित छ । प्राथमिक तह कक्षा चारको सरकारी स्तरको मेरो नेपाली किताब नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित तेस्रो संस्करण (२०६३) को पुनःमुद्रित वि.स. २०७० मा भएको किताब र ऋषिकेश आचार्य लेखक तथा सम्पादक, नरेश गौतम सहसम्पादक रहेको सरल नेपाली माला कक्षा चार जेबिडि प्रकाशन भोटाहिटी, काठमाडौं प्रथम संस्करण २०६८ रहेको किताब भित्रका रूपक विधामा समाविष्ट पाठहरूको भाषिक सीप, पाठको स्तरीयता भाषिक उद्देश्यका आधारमा व्याख्या विश्लेषण गरी दुवै भाषा पाठ्यपुस्तकका सबल तथा दुर्बल पक्षहरूको जानकारी गराउनु र सकरात्मक सुझाव दिनु प्रस्तुत शोधको मुख्य अभिप्राय रहेको छ ।

## १.२ समस्या कथन

भाषा पाठ्यक्रमले निर्दिष्ट गरेको उद्देश्य अनुरूप भाषा पाठ्यपुस्तक निर्माण हुनुपर्दछ । विभिन्न विधाहरू क्षेत्रक्रम समेटेर भाषा पाठ्यपुस्तक तयार गर्ने गरेको पाइन्छ । यसरी प्राथमिक तह नि.मा.वि. तह र मा.वि. देखि उच्च तहसम्म रूपक विधालाई पाठ्यपुस्तकमा समेटेको पाइन्छ । भाषिक सीप विकाससँगै अभिव्यक्ति क्षमताको विकास गर्न भाषा पाठ्यपुस्तकमा समावेश गरिएका अध्ययन एवम् अनुसन्धान आजको परिवेशमा निकै महत्त्वपूर्ण देखिन्छ । आउने दिनहरूमा परिमार्जित हुन गइरहेको नेपाली पाठ्यपुस्तकहरूमा स्तर सुहाउँदा पाठहरू राखेर प्रा.वि. तहका विद्यार्थीहरूलाई नेपाली भाषामा कुशल बनाई भाषिक सीपयुक्त दक्ष जनशक्ति तयार गर्न र राष्ट्रिय आवश्यकता पूर्ति गर्ने कार्यमा यसअध्ययनले सहयोग पुऱ्याएको छ । त्यसकारण यस शोधपत्रमा निम्नानुसार बुँदाहरूलाई समस्याको रूपमा लिइएकोछ ।

क) कक्षा ४ को 'मेरो नेपाली किताब' र 'सरल नेपाली किताब' मा भाषा पाठ्यक्रमको उद्देश्य अनुरूपरूपक विधा राखिएको छ छैन ?

ख) भाषिक सीप आर्जनका दृष्टिले उक्त दुई पाठ्यपुस्तकमध्ये कुन चाहिँ बढी उपयोगी छ ?

ग) विद्यार्थीको रुचि, स्तर, तह, उमेर अनुसार कुन पाठ्यपुस्तक बढि उपयुक्त छ ?

घ) मेरो नेपाली किताब र सरल नेपाली माला किताबभित्र समाविष्ट पाठहरू तुलनात्मक रूपमा के कस्तो रहेको छ ?

ङ) मेरो नेपालीकिताब र सरल नेपाली माला भित्र समाविष्ट रूपक विधाका सबल र दुर्बल पक्षहरू के के छन् ?

## १.३ अध्ययनका उद्देश्य

कुनै पनि अध्ययनको निश्चित उद्देश्य रहेको हुन्छ । प्रस्तुत शोधको निम्न उद्देश्य रहेको छ :

क) भाषा पाठ्यक्रमका उद्देश्यकका आधारमा उक्त दुई भाषा पाठ्यपुस्तकहरूमा समाविष्ट रूपक विधाको विश्लेषण गर्नु,

ख) भाषिक सीप आर्जनका दृष्टिले उक्त दुई भाषा पाठ्यपुस्तकहरूमध्ये कुन चाहिँ बढी उपयोगी छ भन्ने कुरा पत्ता लगाउनु,

ग) विद्यार्थीको रुचि, स्तर, तह, उमेरअनुसार कुन पाठ्यपुस्तक बढी उपयुक्त छ भन्ने कुरा पत्ता लगाउनु,

घ) मेरो नेपालीकिताब र सरल नेपाली माला भित्र समाविष्ट रूपक विधाका पाठहरूको तुलनात्मक विश्लेषण गर्नु ,

ङ) दुवै किताबहरूको रूपक विधाका पाठहरूको सबल र दुर्बल पक्षका बारेमा सरोकार पक्षलाई जानकारी दिईसुझाव दिनु ।

## १.४ अनुसन्धानात्मक प्रश्न

अनुसन्धानका कार्यमा गरिने अनुसन्धानात्मक प्रश्नहरू नै उद्देश्य पूरा गर्ने प्रमुख आधारहरू हुन्। यी अति सूक्ष्म र विशिष्ट हुन्छन् । यिनै प्रश्नहरूमा केन्द्रित रहेर

अनुसन्धानको व्याख्या विश्लेषण गरिएको छ। तसर्थ प्रस्तुत शोधकार्य निम्न प्रश्नमा केन्द्रित रहेर अनुसन्धान गरिएको छ।

१. अनुसन्धान शीर्षक सन्दर्भमा ऐतिहासिक विकासक्रम कसरी भएको छ ?
२. कक्षा ४ को मेरो नेपालीकिताब र सरल नेपाली किताबमा भाषा पाठ्यक्रमको उद्देश्य अनुरूपरूपक विधा राखिएको छ कि छैन ?
३. पाठ्यक्रमले निर्दिष्ट गरे अनुसार कतिवटा रूपक विधाहरू भाषा पाठ्यपुस्तकमा समावेश गरिएको छ ?
४. भाषिक सीप आर्जनका दृष्टिले उक्त दुई पाठ्यपुस्तकमध्ये कुन चाहिँ बढी उपयोगी छ ?
५. मेरो नेपालीकिताब र सरल नेपाली मालाभित्र समाविष्ट रूपक विधाका सबल र दुर्बल पक्षहरू के के हुन् ?
६. भाषिक अभिव्यक्तिको विकास रूपक विधाले कसरी गर्दछ ?
७. सामुदायिक र संस्थागत विद्यालयमा एउटै पाठ्यक्रम अनुरूप फरक फरक पाठ्यपुस्तकभित्र कसरी रूपक विधाको तुलनात्मक अध्ययन गर्ने ?
८. यो शोध कार्यको शैक्षिक प्रयोजन के रहने छ ?
९. शोधकार्यको उपयोगिता के के रहने छ ?
१०. यो शोधको अध्ययन क्षेत्र केमा केन्द्रित रहने छ ?
११. सैद्धान्तिक साहित्यको पुनरवलोकन कुन सिद्धान्त र दर्शनमा आधारित छ ?
१२. सम्बन्धित साहित्यको पुनरलोकन कुनसाहित्यसँग सम्बन्धित छ ?
१३. प्रस्तुत शोध कार्यलाई सम्बन्धित साहित्य र सैद्धान्तिक साहित्यले के कस्तो सहयोग पुऱ्याएको छ ?
१४. प्रस्तुत शोधको अवधारणात्मक ढाँचा कस्तो प्रकारको रहने छ ?
१५. प्रस्तुत शोध कार्यको अध्ययन कुन विधि र प्रक्रियामा आधारित रहने छ ?
१६. अध्ययन अनुसन्धान कार्य गर्दा के कस्ता साधन स्रोतको प्रयोग गर्ने ?
१७. उपर्युक्त साधनहरूको तथ्याङ्क सङ्कलन प्रक्रिया कसरी गर्ने ?
१८. दुवै पाठ्यपुस्तकमा समाविष्ट पाठहरूको विषयगत अध्ययन र विश्लेषण कसरी गर्ने ?
१९. दुई पाठ्यपुस्तकभित्र रहेको पाठको तुलनात्मक अध्ययनको निष्कर्ष कसरी निकाल्ने ?
२०. प्राथमिक तहको भाषा पाठ्यक्रम र भाषा पाठ्यपुस्तक भनेको के हो ?
२१. शिक्षाको राष्ट्रिय उद्देश्यहरू के के हुन्?

२२. शिक्षाको तहगत उद्देश्य के के रहेको छ ?

२३. प्राथमिक तहको नेपाली भाषाको साधारण र विशिष्ट उद्देश्य के के छन् ?

२४. दुवै नेपाली भाषाको विधागत क्षेत्र र क्रम के कस्तो रहेको छ ?

२५. सरल नेपाली माला र मेरो नेपाली किताब दुवै विधाका के कस्तो पाठहरूको वितरण रहेको छ ?

२६. दुवै पाठ्यपुस्तकमा समाविष्ट पाठहरूको विषयवस्तुगत अध्ययन कुन कुन मापदण्डमा रहेर रूपक विधाको सूक्ष्म विश्लेषण गर्ने ?

२७. कक्षा चारको मेरो नेपालीकिताब र सरल नेपाली मालाभित्र समाविष्ट रूपक विधाको विश्लेषणात्मक निष्कर्ष कस्तो रहने छ ?

२८. प्रस्तुत अनुसन्धान कार्यबाट के कस्तो सबल तथा दुर्बल पक्षहरू पाइयो ?

२९. शोधको प्राप्त निष्कर्षबाट के कस्तो सुझावहरू दिन सकिन्छ ?

३०. शोधकार्य सम्पन्न गर्न के कस्तो सन्दर्भसामग्रीहरूको प्रयोग गर्ने ?

## १.५ अध्ययनको महत्त्व

प्रस्तुत शोध कार्य कक्षा ४ को सरकारी र निजीविद्यालयमा प्रयोगमा ल्याइएका मेरो नेपाली किताब र सरल नेपाली किताबभित्र समावेश भएको रूपक विधाहरूको तुलनात्मक अध्ययन हालसम्म नभएकोले यो अध्ययन एक ऐतिहासिक र औचित्यपूर्ण हुने देखिन्छ ।

नेपाली भाषाको गरिमा र महत्त्व जति छ त्यतिनै रूपक विधाको महत्त्व भाषा पाठ्यपुस्तकमा रहने गर्दछ । रूपक विधा एउटा अभिनयात्मक विधा हो । यसमा पात्रले परिस्थिति अवस्था, विषयवस्तु र व्यक्ति विशेषलाई ध्यानमा राखेर हाउभाउसहित आफ्नो भूमिका निर्वाह गर्दछ । रूपक कथ्य भाषासँग सम्बन्धित रहेकोले व्यक्तिलेमौखिक अभिव्यक्तिको माध्यमद्वारा आफ्नो मनको भावना विचार प्रदर्शन गर्दछ । यसर्थ रूपक विधाको माध्यमद्वारा अभिनय, अनुकरण, संवाद, छलफल, कुराकानी, तर्क आदिबाट व्यक्तिको भाषिक सीप सुनाइ,बोलाइ, पढाइ र लेखाइ क्षमताको विकास हुने गर्दछ । तसर्थ प्रस्तुत शोध कार्यको निम्न महत्त्व रहेको छ :

- दुवै पाठ्यपुस्तकहरूमा रूपक विधासँग सम्बन्धित विषयवस्तुहरू कुन बढी सान्दर्भिक उपयोगी, स्तरीय , समयसापेक्ष एवम् पाठ्यक्रमले अपेक्षा गरेका भाषिक

र विषयगत उद्देश्यहरू प्राप्त गर्न सफल छन् भन्ने कुरालाई यस अध्ययनले तुलनात्मक विश्लेषण गर्नु,

- मेरो नेपाली किताब र सरल नेपाली माला किताब भित्र समावेश गरिएको रूपक विधाहरूको सबल र दुर्बल पक्षहरू केलाई निष्कर्ष निकाल्नु र उपयुक्त सुझाव दिनु, ।
- समाजको चाहना, सिकारुको रुचि र समय सापेक्षखालको पाठ्यक्रम निर्माण गर्नमा भाषा निर्माताहरूलाई यो शोध अध्ययन बढी उपयोगी हुने ।

## १.६ अध्ययनको परिसीमा

प्रस्तुत शोध अध्ययन पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा निधार्रित प्राथमिक तहको पाठ्यक्रम (२०६५) तथा कक्षा चारको मेरो नेपाली किताब पाठ्यपुस्तक र जेविडि प्रकाशन भोटाहिटी काठमाडौँद्वारा प्रकाशित सरल नेपाली माला कक्षा चार(२०६८) मा सीमित रहेको छ । यस अध्ययनले एउटै तहमा पढाइ हुने फरक नेपाली विषयको रूपक विधालाई मात्र समेटेको छ । रूपक विधाभित्र रहेको पाठहरूको तुलनात्मक अध्ययन गरी भाषिक आर्जनका लागि कुन पाठ्यपुस्तक बढी उपयोगी छ भन्ने कुराको विश्लेषण गरिएको छ । तसर्थ यसको अध्ययन सीमा दुवै विषयको पाठहरूको व्याख्या विश्लेषणमासीमित रहेको छ ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा

## २.१सैद्धान्तिक साहित्यको पुनरवलोकन

कक्षा चारको 'मेरो नेपाली किताब' र 'सरल नेपाली माला' भित्र समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन गर्ने क्रममा केही प्रक्रियाहरू अवलम्बन गरिएको छ। कुनै खोज अध्ययन कार्य एउटा सिकाइ सिद्धान्तमा केन्द्रित भएकै हुन्छ। यहाँ रूपक विधा बालबालिकाको दैनिक जीवनमा प्रयोग भइरहने भाषिक सीपहरूसँग सम्बन्धित रहेको छ। तसर्थ यो रूपक विधा व्यवहारवाद सिकाइ सिद्धान्तसँग समन्धित छ। रूपक अन्तर्गत संवाद, वादविवाद वक्तृता विधाहरू पर्दछन्। यसमा बालबालिकाहरूको बोलाइ सीपको विकासमा बढी जोड दिइन्छ। व्यवहारवादका पिता जे.बी. वाट्सनका अनुसार "पुनर्बल, अभ्यास र पूर्वअनुभवको महत्वपूर्ण भूमिकाबाट मात्र व्यक्तिका विचारहरूव्यक्त हुन्छ। सिकाई प्रत्यक्ष प्रयोग र अभ्यासबाट मात्र व्यक्तिका विचारहरू व्यक्त हुन्छ। सिकाई प्रत्यक्ष प्रयोग र अभ्यासबाट मात्र सिक्न सकिन्छ। सिकाई सरलबाट जटिल तिर, अंशबाट मात्र सिक्न सकिन्छ। सिकाई सरलबाट जटिल तिर, अंशबाट पूर्णतातिर सिकिने कुरा यस वादमा उल्लेख गरिएको छ (पौडेलर खनाल, २०६८ :१३०)।"

यसका साथै यो शोधपत्रको दोस्रो सैद्धान्तिक पक्ष, मनोविज्ञान र सज्ञानात्मक सिकाइ सिद्धान्तसँग पनि सम्बन्धित छ। अमेरिकी मनोवैज्ञानिक थर्नडाइकका अनुसार "सिकाइ भनेको उत्तेजना र प्रतिक्रियाबीचको सम्बन्ध जोड्नु नै सिक्नु हो। सिकाइको सिलसिलामा कुनै व्यक्तिले सिक्दा सुरूमा गल्ती या भूल गर्दछ तर जब उसले प्रयत्नहरू जारी राख्दै जान्छ, उसका कमजोरीहरू हट्दै जान्छन्। अन्तिममा उसले ठीक प्रतिक्रिया व्यक्त गर्न सक्दछ (पौडेल र खनाल २०६८ : १३०)।"

अर्का संज्ञानवादका विद्वान् जिन पियाजेका अनुसार "अनुभव र परिपक्कताले नै बालकमा संज्ञानात्मक विकास हुन्छ (पौडेल र खनाल, २०६८ : १५२)।" संज्ञानवादीहरूका विचारमा सिकाइ प्रत्यक्षीकरणबाट मात्र हुन्छ भनेका छन्। व्यक्तिका मनमा विभिन्न तर्क, सोचाइ, विचारहरू देखा पर्छन्। कुनै पनि कुराको आत्मिकरण  गरेर ज्ञान प्राप्त हुने प्रक्रियालाई अन्तर्दृष्टि सिकाइ मानिन्छ। तसर्थ यी दुईवटा पाठ्यपुस्तक भित्र रहेको रूपक विधाले विद्यार्थीहरूको व्यवहार र मनोगत पक्षलाई समेत प्रत्यक्ष प्रभाव पारेको छ। त्यसैको

यो शोध कार्यको सैद्धान्तिक पक्ष व्यवहारवाद र संज्ञानात्मक सिकाइ सिद्धान्तसँग सम्बन्धित रहेको छ ।

## २.२ सम्बन्धित साहित्यको पुनरवलोकन

प्रस्तुत शोधकार्य गर्न विगत समयमा पूर्वज अनुसन्धान कार्य के कति भए प्राप्त निष्कर्ष कस्तो रहयो र सुझावहरू के के दिइएका छन् ? भन्ने विषयको अध्ययन अनुसन्धान नै सम्बन्धित साहित्यको पुनरावलोकन हो । विद्यालय तहमा राखिएका भाषा पाठ्यपुस्तकहरूमा कविता, कथा, निबन्ध, प्रबन्ध, जीवनी, चिठी, नमूना अभ्यास तथा भाषिक सामर्थ्य जस्ता विषयहरूमा शोध गर्न इच्छुक शोधकर्ताहरूले स्नातकोत्तर तहमा अनुसन्धान गरेका छन् । तर रूपक विधालाई लिएर शोध तयार पार्ने शोधार्थीहरूको सङ्ख्या ज्यादै कम छ । भण्डारीद्वारा लेखिएको स्नाकोत्तर नेपाली शिक्षा शोधविवरण (२०६३) पुस्तकभित्र समाविष्ट २०५ वटा शोधविवरणमा महेन्द्र रत्न क्याम्पसबाट देवेन्द्रराम खनालद्वारा लेखिएको शोधपत्रमाकक्षा आठको हाम्रो नेपाली किताबमा प्रयुक्त रूपक विधाको विश्लेषण (२०५७) एक मात्र रूपक विधासँग सम्बन्धित शोधपत्र हो ।

पौडेल (२०६१) द्वारा लेखिएको शोधपत्र ‘माध्यमिक तहमा पुरानो पाठ्यपुस्तक महेन्द्रमाला र हालको नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययनमा एकै कक्षाका अलग अलग समयका पाठ्यपुस्तकको तुलनात्मक अध्ययन गरिएको छ । यस शोधपत्रभित्र नयाँ र पुरानो किताबभित्र समाविष्ट रूपकको समानता, भिन्नता, नमुना अभ्यासको सान्दर्भिकता आदिका बारेमा जानकारी दिइएको छ ।

त्यसैगरी खनाल (२०५७), महेन्द्ररत्न क्याम्पस ताहाचलद्वारा तयार पारिएको शोधपत्र कक्षा-८ को हाम्रो नेपाली किताबमा समाबिष्ट रूपक विधाको विश्लेषणले रूपक विधाको सैद्धान्तिक आधारमा विश्लेषण गरिएको छ । यस शोधमा रूपक विधाका आधारमा पाठको व्याख्या विश्लेषण गर्दै सबल र दुर्बल पक्षको जानकारी गराइएको छ । यसरी नै शिक्षाशास्त्र सङ्कायबाट भएका अन्य शोधपत्रहरू साहित्यका अन्य विधासँग सम्बन्धित रहे तापनिरूपक विधाका बारेमा कही कतै चर्चा गरेको भेटिँदैन ।

यसैगरी रूपक विधाअन्तर्गत गौतम (२०६८) द्वारा लेखिएको कक्षा सातको हाम्रो नेपाली किताब र मेरो नेपाली माला पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको तुलनात्मक

अध्ययन नामक शोधपत्रमा पनि यी दुई पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको तुलनात्मक ढङ्गले अध्ययन गरिएको छ । उक्त दुवै पाठ्यपुस्तकमा सवल र दुर्वल पक्षलाई केलाएर उपयुक्त सुझावहरू समेत प्रस्तुत गरिएको छ ।

त्यस्तैगरी भट्टराई(२०६९) द्वारा लेखिएको कक्षा ७ को हाम्रो नेपाली किताब र नयाँ नेपाली शृङखला भित्र समाविष्ट रूपकहरूको तुलनात्मक अध्ययन नामक शोध पत्रमा पनि पाठ्यक्रम अनुरूपताका आधारमा रूपक विधा भएनभएको र भाषिक सीप आर्जनका दृष्टिले विद्यार्थीको रुचि, स्तर अनुरूप भए नभएको अध्ययन गरिएको छ ।

कमलराज खनालको कक्षा चारको मेरो नेपाली किताब र सजिलो नेपाली मालाको तुलनात्मक अध्ययन (२०५९) शोधपत्रमा दुवै पाठ्यपुस्तक पाठ्यक्रम अनुरूप भए नभएको पाठ्यपुस्तकको बाह्य र आन्तरिक विशेषताका आधारमा अध्ययन गरी दुवै पाठ्यपुस्तकको तुलना गरिएको छ ।

अधिकारी (२०७०) द्वाराकक्षा चारको मेरो नेपालीकिताब र रसिलो नेपाली माला भित्र समाबिष्ट कथा विधाको तुलनात्मक अध्ययन नामक शोधपत्र तयार गरिएको छ । उक्त शोध पत्रमा दुवै पाठ्यपुस्तक भित्र शब्दभण्डार वाक्यरचना बोधगम्यता आदिका आधारमा कथाको विश्लेषण गरिएको छ ।

रूपक विधालाई निकै जोडदिदै श्रद्धेय विद्वान प्रा.डा. हेमाङ्गराज अधिकारीद्वारा लिखित नेपाली भाषा शिक्षण (२०३९) पुस्तकमा विद्यालय तहमा रूपक शिक्षणको औचित्य र बालबालिकाको भाषिक सीप विकासमा रूपक विधाको उपयोगिताको चर्चा गरिएको छ । त्यसैगरी उनीद्वारा नै सम्पादित शिक्षालाई जीवनोपयोगी बनाउने कारक तत्वहरू (२०४४) अध्ययन प्रतिवेदनमा प्राथमिक तथा माध्यमिक तहमा नेपाली भाषा पाठ्यक्रम र महेन्द्रमाला किताबको सेरोफेरोमा चर्चा भएको पाइन्छ । यसरी नै डिल्लीराम रिमालद्वारा लेखिएको नेपाली शिक्षण (२०५२) पुस्तकमा “रूपक शिक्षणको प्रयोजन, कार्यकलाप र शिक्षणविधिका बारेमा चर्चा गरिएको छ ।” त्यसरी नै प्राथमिक शिक्षक सेवाकालीन तालिम (२०५४) मा पनि “रूपक शिक्षणको प्रयोजन, रूपक शिक्षण गर्दा सञ्चालन गरिने कार्यकलापहरू र शिक्षण सामग्री बारे जानकारी दिइएको छ ।”

प्रा.डा. हेमाङ्गराज अधिकारी र प्रा. डा. केदारप्रसाद शर्माद्वारा लिखित प्रारम्भिक नेपाली शिक्षण(२०५५) पुस्तकमा "मौखिक भाषाको जीवन्तता अनुसारको भाषा प्रयोग गर्ने क्षमताको विकास गर्नु नै रूपक विधाको मुख्य प्रयोजन हो" भनिएको छ ।

यसरी रूपक विधाको सन्दर्भमा यसअघि केही अग्रज शोधकर्ताद्वारा अनुसन्धान गरी यसका बारेमा चर्चा-परिचर्चा गरिएको भए तापनि निम्न माध्यमिक तहमा कुनै तुलनात्मक रूपमा एउटै कक्षाको एकै समयका दुई सरकारी र निजीविद्यालयका पाठ्यपुस्तक भित्रको रूपक विधामा शोध गरिएको पाइँदैन । पूर्व अध्येताका अध्ययनको सबल र दुर्बल पक्षको पृष्ठभूमिमा यस अध्ययनबाट र वर्तमान सन्दर्भमा सरकारी र निजी स्तरका एकै कक्षाका अलग-अलग भाषा पाठ्यपुस्तकभित्र समाविष्ट रूपक विधाको तुलनात्मक विश्लेषण गरी कुन पाठ्यपुस्तक चाहिँ बढी स्तरीय, उपयुक्त र भाषिक सीप आर्जनका लागि सफल छ भन्ने कुराको जानकारी दिँदै पाठ्यपुस्तकका सबल र दुर्बल पक्षका बारेमा सुझाव दिन सफल भएकोछ भन्ने कुराको निष्कर्ष रहेको छ ।

## २.३ अध्ययनका लागि पुनरवलोकनको उपादेयता

प्रस्तुत शोधकार्य सम्पन्न गर्नको लागि सैद्धान्तिक साहित्यको पुनरवलोकन र सम्बन्धित साहित्यको पुनरवलोकनले अनुसन्धानकार्यलाई उल्लेखनीय रूपमा सहयोग पुऱ्याएको छ, खास गरी कुन सिद्धान्त र दर्शनसँग यो शोधकार्य सम्बन्धित छ ?, विगतदेखि अहिलेसम्म के कस्ता सम्बन्धित रूपक विधामा तुलनात्मक अध्ययन भएका छन् ?, उक्त अनुसन्धान कार्यबाट के कस्ता निष्कर्षहरू प्राप्त भयो र भावि शोध कार्यको लागि के कस्ता शोध शीर्षकहरू रहेका छन् भन्ने कुराको जानकारी यस अध्ययनको पुनरावलोकनबाट प्राप्त हुने छ । तसर्थ पूर्व अध्ययनले अनुसन्धानलाई उपलब्धिमूलक बनाउनुको साथै अनुसन्धान कर्तालाई आफ्ना गन्तव्य पहिचान गर्न सहज र सरल बनाएको छ । अनुसन्धानकर्तालाई सम्बन्धित विषयमा पूर्णरूपमा विज्ञबन्न मद्दत पुऱ्याएको छ ।

## २.४ सैद्धान्तिक अवधारणात्मक ढाँचा


प्रस्तुत शोधको अनुसन्धानका लागि वनाइएको विस्तृत योजनालाई नै अनुसन्धानको अवधारणात्मक ढाँचा भनिन्छ । अनुसन्धानको ढाँचा के हो भन्ने बारेमा सी सेलिज र अन्यले समाजशास्त्रीय अनुसन्धान विधिहरू (१९६२) नामक ग्रन्थमा अनुसन्धानका लागि आवश्यक

पर्ने तथ्याङ्कहरूको सङ्कलन तथा विश्लेषण गर्ने कार्य थोरै खर्चमा पूर्ण हुन सकोस् भनी बनाइएको प्रक्रिया नै अनुसन्धान ढाँचा हो भन्ने कुरा बताएका छन् ।

प्रस्तुत शोध कार्य गर्दा निश्चित सिद्धान्तमा आधारित भई अनुसन्धान गरिएको छ । यो अनुसन्धान ए.पि.ए. फर्मेट अमेरिकन पब्लिकेसन म्यानुअल अफ अमेरिकन साइकोलोजिकल एसोसिएसन सिक्स इडिसन २०१० लाई आधार लिई तयार गरिएको छ । रूपक विधासँग सम्बन्धितप्रश्न खोज अनुसन्धान कार्य गरी प्राप्त कुराहरूलाई तुलनात्मक अध्ययन विधिद्वारा यस शोधपत्रमा उल्लेख गरिएको छ । विभिन्न प्रश्नहरू तयार गरी यसैको सेरोफेरोमा केन्द्रित रहेर रूपक विधाको अनुसन्धान गरिएको छ । श्रद्धेय विद्वानहरू,रूपक विधासँग सम्बन्धित गुरुहरू, भाषा शिक्षकसँग सम्बन्धित शिक्षकहरूसँग भेट गरी आवश्यक कुराको जानकारी लिइएको छ । विभिन्न पत्रपत्रिका पाठ्यपुस्तक समेतको अध्ययन गरी शोधकार्य सम्पन्न गरिएको छ ।

प्रस्तुत शोध अध्ययनको ढाँचा निम्न रेखाचित्रमा उल्लेख गरिएको छ :

तालिका नं. १



# परिच्छेद तीन : अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययनको ढाँचा र विधि

अनुसन्धान विधिलाई अध्ययन विधि पनि भनिन्छ । शोधपत्र लेखनका सन्दर्भमा विभिन्न अध्ययन विधिहरूमा केन्द्रित भएर उक्त कार्य गरिन्छ । यस शोध कार्यमा तुलनात्मक विधिलाई प्रमुख रूपमा अपनाइएको छ । अनुसन्धानको प्रस्तुति वर्णनात्मक, तालिकीकरण, साङ्ख्यिकीकरण जस्ता विधिको प्रयोग गरिएको छ ।

## ३.२ अध्ययन क्षेत्र

प्रस्तुत शोधको अध्ययन क्षेत्र कक्षा ४को सरकारी र निजी संस्थागत विद्यालयमा पढाइ भइरहेको मेरो नेपाली किताब र सरल नेपाली माला पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन गरिएकोछ । विषयवस्तुको क्षेत्रअन्तर्गत मेरो नेपाली किताब र सरल नेपाली मालामा समाविष्ट भएको विधाहरूमध्ये रूपक विधाको गहनरूपमा अध्ययन रहेको छ ।

## ३.३तथ्याङ्क सङ्कलनका साधन र तरिका

प्रस्तुत शोधपत्र तयार गर्नको लागि पुस्तकालयीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । यसका अतिरिक्त नेपाली भाषा शिक्षणसँग सम्बन्धित पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, शिक्षकहरूको सुझावहरू यस अध्ययनमा समेटिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलन प्रक्रिया

यस शोधकार्य गर्दा सम्बन्धित प्रा.वि. तहको पाठ्यक्रम पाठ्यपुस्तक, शिक्षक निर्देशिका तथा शिक्षकहरूको अनुभवलाई समेत सङ्कलन गरिएको छ । शोध पत्रसँग सम्बन्धित भाषा पाठ्यपुस्तक, अग्रजहरूको शोधपत्र,रूपक विधासँग सम्बन्धित सामग्रीहरू पुस्तकालयमा खोजी गरी अध्ययन अनुसन्धान गर्ने, भाषा पाठ्य सामग्रीहरू स्वयम् पुस्तक पसलहरूबाट खरिद गरिएको छ । अग्रजहरूको शोधपत्र अध्ययन गरी आवश्यक कुरा सङ्कलन गरिएको छ ।

## ३.५ तथ्याङ्क व्याख्या र विश्लेषण प्रक्रिया

प्राप्त व्याख्या विश्लेषण शोधकार्यको लागि महत्त्वपूर्ण मानिन्छ । शोध अनुसन्धानलाई गहनरूपमा विश्लेषण गर्न विभिन्न आधारहरू छन् । प्रस्तुत शोधलाई व्याख्या विश्लेषण गर्न उपर्युक्त तालिकीकरण प्रयोग गरिएको छ । यस शोध कार्यमा तुलनात्मक विधि र वर्णनात्मक विधिको प्रयोग गरिएको छ ।

# परिच्छेदचार :नतिजाको व्याख्या र विश्लेषण

## ४.१ परिचय

प्रस्तुत परिच्छेद-चार मुख्यतः शोधपत्रसँग सम्बन्धित पाठ्यसामग्री हो । यस परिच्छेदमारूपक विधाको मात्र व्याख्या विश्लेषण गरिएको छ । खासगरी रूपक विधा अन्तर्गत संवाद, वादविवाद, नाटक, वक्तृता, मनोवाद आदि पर्दछन् । यस शोधपत्रमा कक्षा चारको ‘मेरो नेपाली किताब’ र ‘सरल नेपाली माला’ पाठ्यपुस्तक भित्र दुबै रूपक विधाका पाठहरूको पाठगत अध्ययन भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) का आधारमा तुलनात्मक व्याख्या र विश्लेषण गरिएको छ । यी दुई नेपाली भाषा पाठ्यपुस्तकभित्र निम्न पाठहरूरूपक विधासँग सम्बन्धित रहेकोले यस प्रकार उल्लेख गरिएको छ :

## ४.२ दुवै पाठ्यपुस्तकमा समाविष्ट पाठहरूको विषय वस्तुगत अध्ययन

### ४.२.१ बिहेको निम्तो

यो पाठ संवाद हो । यो पाठ हाम्रो नेपाली किताब कक्षा चार अन्तर्गत पाठ सातमा समाविष्ट रहेको छ । यस पाठले हाम्रो समाजमा हुने गरेको सामाजिक परम्परागत विवाहको निम्तो दिने चलनलाई उजागर गरेको छ । बिहे गर्दा केटी पक्षबाट दाइजो दिने कुरालाई निरुत्साहित गरेको छ ।

#### ४.२.१.१ शीर्षक

यस संवादको शीर्षक ‘बिहेको निम्तो’ रहेको छ । रमेशको छोरीको बिवाह हुने हुँदा निम्तो दिनको लागि उनी महेशको घरमा आइपुगेको प्रशङ्गबाट संवाद सुरु भएको छ ।त्यसकारण बिहे र निम्तो दुई वटा शब्द मिलेर बिहेको निम्तो शीर्षक बनेको छ । तसर्थ नेपाली समाजमा हुने बिवाह प्रचलनलाई यस संवादको शीर्षकले प्रतीकात्मक रूपमा चिनाएको छ ।

#### ४.२.१.२ विषयवस्तु

यस पाठको विषयवस्तु‘बिहेको निम्तो’सँग सम्बन्धित रहेको छ । रमेश धेरै बर्षपछि महेशको घरमा आएका हुन्छन् । शनिबारको दिन अञ्जनाका बुबा आमा बजार तिर गएका

हुन्छन् । घरमा अञ्जना एक्लै हुन्छिन् । अञ्जनाले शुरुमा रमेशलाई चिन्न सक्दिनन् । रमेश आफैले महेशको साथी हुँ भनेर आफ्नो परिचय अञ्जनालाई बताउछन् । त्यसपछि अञ्जनाले नमस्कार काका भन्छिन् । केहीबेर पछि अञ्जनाको बुबा महेश घरमा आइपुग्छन् । त्यसपछिमहेश र रमेशको भेटघाट हुन्छ । केहीसमय उनीहरू विगतका दुःख सुःखका कुराहरू गर्छन् । रमेशले आफ्नो छोरी कल्पना बाइस वर्षकी भई सकेको हुँदा बिहे गरिदिने कार्यमा आफू लागेको कुरा महेशलाई बताउछन् । तसर्थ रमेशले यही अवसरमा महेशका सम्पूर्ण घरपरिवालाई बिहेको चुलै निम्तो दिन आएको कुरा बताउछन् । त्यसपछि रमेश अरु आफन्तलाई पनि निम्ता दिनुपर्ने भएकोले विदा लिदै महेशको घरबाट बाटो लाग्छन् । तसर्थ बिहेको निम्तो पाठमा संवादको यी नै विषयवस्तुहरू उल्लेख गरिएको पाइन्छ ।

### ४.२.१.३ पात्र/वक्ता

अञ्जना

यस संवादकी प्रमुख पात्र अञ्जना हुन् । अञ्जनाकै भूमिकामा सिङ्गो विषयवस्तु अगाडि बढेको छ । अञ्जना महेशकी छोरी हुन् । उनी कक्षा-चारमा पढ्छिन् । उनी मान्छे घरमा आए भने नमस्कार समेत गर्ने र के कति कामले आउनु भयो भन्ने प्रश्न सोध्ने जिज्ञासु स्वभावकी छिन् । आफू भन्दा ठूलालाई आदर गर्ने, सानालाई माया गर्ने जस्ता राम्रो स्वभाव अञ्जनामा पाइन्छ । रमेश घरमा आउने वित्तिकै अञ्जनाले राम्रो स्वागत र सत्कार गरेकी छिन् । रमेशलाई चिसो पानी खुवाउने काम गरेकी छन्, तसर्थ अञ्जनाकै कार्यकलापबाट संवादको विषयवस्तु अगाडि बढेको छ ।

रमेश

रमेश पनि यस संवादको केन्द्रिय पात्र हो । रमेश आफ्नो छोरी कल्पनाको बिहेको चुलै निम्तो दिन महेशको घरमा पुग्छ । रमेश र महेश घनिष्ट साथी हुन् । रमेश साथीहरू, आफन्त सबैलाई छोरीको शुभविवाहमा बोलाउनु पर्छ भन्ने राम्रो सोच राख्ने पात्र हो । आफू ठूलो हुँ भन्ने विचार उसमा पाइदैन । तसर्थ रमेशले महेशको सपरिवार छोरीको बिहेमा आइदिनु पऱ्यो भन्ने आग्रह गरेसँगै संवाद टुङ्गिएको छ ।

बुवा/महेश

यस संवादको सहायक/गौण पात्र बुवा रहेका छन् । अञ्जनाको बुवा नै महेश हुन् । महेश र रमेश एक आपसमा मिल्ने साथी हुन् । उनीहरूबीच एक आपासमा मर्दा पर्दा सरसहयोग गर्नुपर्छ भन्ने सकरात्मक सोच पाइन्छ । संवादको मध्य भाग बाट बुवा (महेश) को उपस्थिति भएको छ । रमेशकी छोरी कल्पनाको भविष्य, केटोको स्वभाव र दाइजोको विषयमा महेशसँग वार्तालाव संवादमा गरेका छन् । महेशकै भनाइमा "केटो कस्तो छ, दाइजो खोज्ने हो, कि ?" भन्ने प्रशङ्ग समेत उल्लेख भएको पाइन्छ ।

### ४.२.१.४ परिवेश/वातावरण

हाट बजार यस संवादको मुख्य परिवेश रहेको छ । शनिवारको दिन भएकाले अञ्जनाका बुवाआमा नै बजार गएको सन्दर्भ संवादमा उल्लेख गरिएको छ । शहरका मानिसहरूको मिठो बोली वचन, पाहुनाको स्वागत, सत्कार र शिष्टचारको झल्को संवादमा पाइन्छ । सहरमा शिक्षित मानिसहरूको बसोवास हुने गरेको प्रसङ्ग यसमा भेटिन्छ । तसर्थ अञ्जना, रमेश र महेशबीचबिहेको निम्तो शीर्षकमा संवाद भएको छ ।

### ४.२.१.५ संवाद/द्वन्द्व

यस पाठमा रमेश, अञ्जना र महेश बीचमा संवाद भएको छ । यस संवादमा सरल, छोटा वाक्यहरूको प्रयोग गरिएको छ । अञ्जना र रमेशबीच शुरुमा संवाद भएको छ । रमेशकै भनाइमा "नानी, यो महेशजीको घर हो ? ए ठिकै ठाउँमा पो आइएछ, म महेशजीको साथी, पल्लो गाउँबाट आएको उल्लेख भएको छ । यसमा द्वन्द्व खासै भएको पाइदैन । संवाद सरल, सहज र शिष्ट ढङ्गबाट विकसित भएको छ । कक्षाको स्तर अनुसार शब्द वाक्य चयन गरिएको पाइन्छ ।

### ४.२.१.६ भाषाशैली

यस पाठमा स्तरीय, मानक नेपाली भाषाको प्रयोग गरिएको छ । भाषा गद्यात्मक शैलीमा छ । संवादमा निपात, स्थानीय बोली चालिमा रहेका शब्दहरू र वाक्यहरू प्रयोग गरिएको पाइन्छ । विद्यार्थीको तह, स्तर सुहाउने खालको भाषा शैलीको प्रयोग भएको छ । संवादको भाषाशैली सरल, सहज किसिमको छ ।

### ४.२.१.७ उद्देश्य

पाठबाट दिने मुख्य सन्देशनै उद्देश्य हो। यस संवादको उद्देश्य हाम्रो गाउँ घरमा गरिने माघि विवाहमा सबै आफन्त, इष्टमित्रहरूलाई निम्तो दिएर बोलाउने चलनको विषयलाई पाठले संकेत गरेको छ। रमेशको भनाइमा - "म त तपाईहरूलाई निमन्त्रणा दिन आएको हुँ चुलैनिम्तो ! सबै जना आउनुपर्छ नि ! आफ्नो खुट्टामा आफै उभिन सक्ने या आत्मनिर्भर भएर मात्र बिहे गर्नु पर्दछ" भन्ने प्रशङ्ग पाइन्छ। तसर्थ यस पाठले वर्तमान् नेपाली समाजमा उमेर नपुगी नै बिहे गर्ने, लागु औषध र कुलतमा फस्ने खालका समस्याहरू छन्। यसप्रकारको समस्यामा सबैजना समयमानै सचेत हुनुपर्ने कुरामा जोड दिएको छ। यसका साथै मानिस केही गर्नको लागि जन्मिएको हुदा देश र समाजको लागि राम्रा काम गर्न समेत सबैलाई अभिप्रेरित यस पाठले गरेको छ।

### ४.२.२ 'पशुपन्छी र हाम्रो कर्तव्य' संवादको अध्ययन

यो पाठ 'मेरो नेपाली किताब' कक्षा - चारको सरकारी विद्यालय अन्तर्गत पाठ १४ मा रहेको छ। यो पाठमा एकजना राजु र वटुवा गरी दुईजना मुख्य पात्रहरू रहेका छन्।

यस पाठको उद्देश्य बनका चरा चरुङ्गी पशुपन्छी र जीवजन्तुहरू मार्नु हुँदैन र मानिसहरूले धेरै पशुपन्छी मारेको हुँदा अहिले बन्यजन्तुहरू जंगलमा दुर्लभ हुदै गएको कुराको अवगत गराएको छ। यस विषयमा मानिसहरूले आफ्नो कर्तव्य र इमान्दारीलाई कदापी भुल्न नहुने सन्देश दिएको छ। 'पशुपन्छी र हाम्रो कर्तव्य' पाठको संरचक तत्त्वका आधारमा निम्नानुसार व्याख्या गरिन्छ :

### ४.२.२.१ शीर्षक

हरेक विषयवस्तुको शीर्षक छनोटबाट विषयवस्तु अगाडि, बढ्छ। 'पशुपन्छी र हाम्रो कर्तव्य' यस पाठको मुख्य शीर्षक रहेको छ। विशेषगरी वनजङ्गलमा दुलर्भ मानिने जीवजन्तुहरू सिकार गर्नाले दिनप्रतिदिन घट्दो सङ्ख्यामा छ। राजु र वटुवाबीच लामो गफगाफ यसैको शीर्षकमा भएको छ। वन्यजन्तुको चोरी, सिकारी कम गरेमा यसको सङ्ख्या बढ्दो क्रम हुने पक्का देखिन्छ।

### ४.२.२.२ विषयवस्तु

सिङ्गो कथावस्तु विषयमा केन्द्रित भएर अगाडि बढेको हुन्छ । यस पाठको विषयवस्तु 'पशुपन्छी र हाम्रो कर्तव्यसँग' सम्बन्धित रहेको छ । राजु गुलेली लिएर चरा मार्ने सुरले पल्लो गाउँसम्म पुगेको हुन्छ । उसले चरा मार्न गुलेली ताकेको देखेर एकजना बटुवाले चरालाई हाहा गरेर उडाइ दिन्छ । यहाँ राजु र बटुवाबीच यिनै विषयमा कुराकानी अगाडि बढेको हुन्छ । राजुले बटुवालाई चरा किन उडाइदिनुभएको भनि गाली गर्छ । बटुवाले राजुलाई सम्झाउदै भन्छ 'यी चराचुरुङ्गी र जनावरहरू हामी जस्तै हुन् यिनलाई मारेर हामीले के नै पो पाइन्छ र बरु हामीले रक्षा गर्नु पर्दछ ।'

वटुवाले आफ्नो विवेकले भ्याए सम्म वन्यजन्तु र दुर्लभ पशुपन्छीको बारेमा बताउछ तर राजुले यो कुरामा शुरुमा सहमत गर्न मान्दैन । तसर्थ अन्तिम समय सम्म संवाद हुदै गएपछि यथार्थ कुरा बुझ्न र पशुपन्छी मार्नु हुदैन, अबदेखि संरक्षण गर्नतर्फ लाग्नु पर्छ भन्ने कुरामा राजु र वटुवाबीच सहमत भएको हुन्छ । तसर्थ हाम्रो देश नेपालमा लोभ हुँदै गएको गैँडा, हात्ती बाघ, मृग, अर्ना, सेतो कछुवा, कालिज, एक सिङ्गे गैडाँ लुइँचे, मुजुर जस्ता जनावर र पशुपन्छीहरू को संरक्षण गर्नु अहिलेको आवश्यकता रहेको देखिन्छ । सम्पूर्ण नेपालीहरूको ध्यान तथा कर्तव्य यस तर्फ जानुपर्ने देखिन्छ ।

तसर्थ, पशुपन्छीको संरक्षण गर्नाले पर्यटकहरूको आगमन हुन्छ । आर्थिक उन्नति र पर्यटन व्यवसायमा वृद्धि हुन्छ । ठूलठूला वन्यजन्तु आरक्षण केन्द्र स्थापना गरी दुलर्भ पशुपन्छीको तत्काल संरक्षण गर्न तर्फ राज्यको ध्यान जानुपर्ने देखिन्छ । यी नै विषयवस्तुहरू यस पाठमा समावेश गरिएको छ ।

### ४.२.२.३ पात्र

कुनै पनि विषयवस्तु, घटणाको मूख्य भूमिका पात्र को हुने गर्दछ । साहित्यको रूपक विधा अन्तर्गत यस संवादको प्रमुख पात्रको रूपमा राजु र बटुवा रहेका छन् । यिनीहरूको भूमिकाको बारेमा सङ्क्षिप्त चर्चा गरिएको छ :

**क) राजु**

राजु यस पाठको प्रमुख वा केन्द्रीय पात्र हो । राजुकै सेरोफेरोमा कथा वस्तुको शुरु, विकास र अन्त्य भएको छ । चरित्रको हिसाबले राजु शुरुमा गुलेली बोकेर चरा मार्न पल्लो गाउँ पुग्दछ । तसर्थ ऊ अपरीपक्क, अज्ञानी, निर्दोश पात्रको रूपमा रहेको छ । बटुवाले चरा भगाइदिएपछि ऊ रिसले चुर र आगो समेत हुन्छ । बटुवाले विवेकपूर्ण ढङ्गले सम्भ्काएर पछि चरामार्न नहुने रहेछ भन्ने कुराको ज्ञान राजुले बोध गरेको छ । तसर्थ राजु एक कर्तव्यनिष्ठ इमान्दार र विवेकी पात्रको रूपमा आफूलाई संवादको माध्यमबाट चिनाएको छ ।त्यसकारण ऊ गतिशील पात्रको रूपमा समेत रहेको छ ।

ख) बटुवा

बटुवा पनि यस संवादको प्रमुख पात्रकै रूपमा उभिएको छ । बटुवाले सबै चराहरूहाहा गरेर भगाइ दिनुले चराहरूको संरक्षक पात्रको रूपमा रहेको छ । ऊ सहयोगी, मिलनसार र विवेकी पात्र पनि हो । राजुलाई चराचुरुङ्गी मारेर मानिसले केही नपाउने, बरु उल्टै दुःख पाउने कुरा बताउने बटुवा एक बुद्धिमानी पात्र रहेको छ । राजुलाई सही बाटोमा ल्याउन सक्ने एक कुशल अभिभावकको रूपमा समेत बटुवा रहेको मानिन्छ ।

### ४.२.२.४ परिवेश/वातावरण

यस संवादको परिवेश स्थानीय पल्लो गाउँ, घर र नजिकै रहेको जङ्गललाई लिइएको छ । गाउँमा सोभ्का सिधा मानिसहरू वस्ने गरेका छन् । चराचुरुङ्गी मार्नु हुदैन भन्ने सुरुसुरुमा उनिहरूमा ज्ञान समेत छैन । त्यसैगरी बाटो हिड्ने वटुवा समेत पल्लो गाउँको बाटामा देखा पर्छ । जङ्गलका पशुपन्छीहरू समेत थुप्रै हुन्छन् । मान्छेले जथाभावी जङ्गल फँडानी गरेको, डडेलो लगाएको, कालिज, लुइचे, मुजुर, गैँडा हात्ती बाघ, मृग आदि बर्षेपिच्छे घट्दै गएको दुःखत परिवेश यस संवादमा चित्रण गरिएको छ । तसर्थ संवादमा स्थानीय गाउँले परिवेशको सजीव चित्रण गरिएको छ ।

### ४.२.२.५ भाषाशैली

यस संवादमा प्रयोग भएको भाषा सरल छ । भाषा गद्यात्मक छ । प्राथमिक तहका बालबालिकाहरूको स्तर मिल्ने खालको छ । स्तरीय नेपाली भाषाको प्रयोग भएको पाइन्छ ।

पाठभित्र प्रयोग भएका अधिकांश शब्दहरू गाउँ घरमा बोलिने खालका छन्, जस्तैः हेर बाबु, यी चराचुरुङ्गी र जनावारहरू पनि हामी जस्तै हुन् । वाक्यमा उखान टुक्काको समेत प्रयोग भएको छ जस्तैः 'अर्काले घोडा चढ्यो भने आफूले धुरी चढ्न हुँदैन ।' वाक्यमा निपातको प्रयोग समेत भएको छ, जस्तै : दाइ, हामीले मात्र यिनीहरूलाई माया गरेर होला र संवादमा प्रश्न र उत्तर जस्तो शैलीको प्रयोग समेत भएको छ । कथ्य भाषाको प्रयोग र झर्रा शब्दहरू प्रयोग ठाउँ ठाउँमा भेटिन्छ । अनुकरणात्मक र केही नयाँ शब्दहरूको प्रयोगले संवादलाई विकसित बनाएको छ, जस्तै : आगन्तुक (भुर्र, थ्याच्च, क्यारे ढकमम्क) नयाँ शब्दहरू (दुर्लभ, सुरक्षा, निर्धा, अशक्त, आश्रयस्थल, बुद्धिमान्, चेतनशील रक्षा) आदि छन् ।

### ४.२.२.६ संवाद

वक्ता र श्रोताबीचको प्रत्यक्ष कुराकानीलाई संवाद भनिन्छ । संवादलाई दुई पक्षका बीचको कुराकानी, वार्तालाप, सान्दर्भिक गफ, भन्न सकिन्छ । पात्रहरूबीचमा एकआसमा गरिने कुराकानी बार्तलाप बहस, तर्क, सन्देश, विवाद आदि नै संवाद हो । (बराल र एटम २०६३ : २९४) । संवाद सङक्षिप्त, सरल स्पष्ट, अर्थपूर्ण, सन्देशमूलक तथा शिक्षाप्रद हुनु पर्दछ । यिनै उद्देश्य प्राप्तिका लागि नेपाली भाषा पाठ्यक्रममा संवादलाई रूपक विधाको उपभेदका रूपमा समावेश गरिएको पाइन्छ । यसमा विषयवस्तु, परिवेश, संवाद, चरित्र, द्वन्द्व, उद्देश्य लगायतका संरचक तत्त्वहरू रहेका हुन्छन् ।

रूपक विधामा संवादको निकै ठूलो महत्त्व हुने गर्दछ । संवाद कै माध्यमबाट विषयवस्तु अगाडि बढ्दछ । यस पाठ्यपुस्तक भित्र राजु र वटुवा दुई जना पात्रहरूबीच प्रत्यक्ष कुराकानी, वार्तालाप अगाडि बढेको छ ।

राजु चरा मार्न तम्सिएको छ । राजुले गुलेली हान्न लागेकै बेला बटुवाले चरा हाहा गर्दै उडाइ दिन्छ । यसकै सेरोफेरोमा संवाद प्रश्नउत्तर गर्दै अगाडि बढेको छ । तसर्थ छोटा वाक्यको प्रयोग यसमा पाइन्छ । त्यसकारण छोटा वाक्यका प्रयोग, सरल शब्द छनोट गरिनुले संवादको विषयवस्तु उपयुक्त रहेको छ ।

### ४.२.२.७ द्वन्द्व

“सहयोगको उल्टो प्रक्रियालाई द्वन्द्व भनिन्छ । (Conflict is the opposite of co-operation). अर्काको विचार भन्दा आफ्नो विचार राख्नु द्वन्द्व हो (कोइराला २०७२, पृष्ठ १९५) ।” यहाँ द्वन्द्वको विषयमा राजु र बटुवाबीच फरक विचार प्रकट गरिएको छ । यो भनाइ पनि आपसमा मिल्दा जुल्दा नै छन् ।

यस पाठभित्र राजु र बटुवा दुई पात्रहरू छन् । राजु यस पाठको प्रमुख पात्र रहेकाले उसमा आन्तरिक द्वन्द्व सृजना भएको छ । चरा जसरी भएपनि आज मारेर मात्र घर फर्कने विचार राखेको छ । बटुवाले चरा उडाउने वित्तिकै मनोवैज्ञानिक संवेग उत्पन्न हुन्छ । बटुवाले चरा मार्न नहुने कुरा सुनाएपछि अन्ततः गुलेली फाल्छ । यो चरण बाह्य द्वन्द्वको रहेको छ । राजुले पशुपन्छीको संरक्षण गर्न आफू तयार रहेको कुरा पाठमा व्यक्त गरेको छ । तसर्थ राजु गतिशील पात्रको रूपमा चिनिएको छ । राजु र बटुवा बीचको द्वन्द्वले विषयवस्तु सहज र सन्देशमूलक बनाएको छ ।

### ४.२.२.८ उद्देश्य

हरेक पाठको मूल मर्म र सारनै त्यसको उद्देश्य रहेको हुन्छ । उद्देश्यविनाको विषयवस्तु सार्थक हुँदैन । यस पाठको उद्देश्य भाषिक सीपका अतिरिक्त सानै उमेरदेखि पशुपन्छी र वन्यजन्तुको सुरक्षा गर्न, चोरी सिकारी बन्द गर्न र दुलर्भ हुदै गएका जनावरहरूको संरक्षण गर्नु रहेको छ । ‘पशुपन्छी र हाम्रो कर्तव्य’ पाठले दिन खोजेको मुख्य कुरा वनजङ्गल, आसपासमा रहेका कालिज, मुजुर, सेतो बाघ, डाफे, मृग, गैँडा, आदि पशुपन्छी हामीले संरक्षण गर्नु पर्दछ भन्ने रहेको छ ।

## ४.२.३ स्वास्थ्य नै सम्पत्ति हो संवादको अध्ययन

### परिचय

‘स्वास्थ्य शरीरमा स्वास्थ्य विचार हुन्छ’ (कोइराला २०६८, पृष्ठ -२६४) ।’

‘एउटा स्वास्थ्य शरीरमा, स्वास्थ्य मस्तिष्कको विकास गर्नु शिक्षा हो ।’ ('Education is creation of Sound mind in a Sound body' –Aristotle, (कोइराला २०६८, पृष्ठ -२२)

हरेक मानिसको जीवन स्वस्थ्यकर हुनु जरुरी छ । मानिसको शरीर स्वस्थ्य भएमा मात्र सोचेका लक्ष्य उद्देश्यहरू पूरा हुन सक्छन् । स्वस्थ्य शरीरमा स्वस्थ्य विचार आवश्यनै जन्मन्छ । यसरी स्वस्थ्य मस्तिष्कको निर्माण गरेर मात्र विद्यार्थीहरूको भविष्य सुनिश्चित गर्न सकिन्छ । तसर्थ स्वास्थ्य नै एउटा सम्पत्तिको रूपमा पाठको शीर्षक उपयुक्त र सार्थक रहेको छ ।

### ४.२.३.१ शीर्षक

कुनै पनि विषयवस्तुलाई चिनाउने काम शीर्षकले गर्दछ । साहित्य रचना गर्दा सबै भन्दा पहिले शीर्षक छनोट कार्य गरिन्छ । तसर्थ यस पाठको मुख्य शीर्षक स्वस्थ्य नै सम्पत्ति हो' भन्ने रहेको छ । कक्षा चारमा अध्ययनरत बालबालिकाहरूको लागि यो पाठको शीर्षक उपयुक्त नै रहेको छ ।

### ४.२.३.२ विषयवस्तु

यो पाठको विषयवस्तु 'स्वास्थ्य नै सम्पत्ति हो' भन्ने रहेको छ । गाउँनजिकै एउटा पोखरी छ । त्यस पोखरीमा रहेको पानी सफा छैन । त्यहाँ भैँसी आहाल बस्ने, हाँस पौडने गर्छन् । पोखरीको पानी खेतको बालीनालीमा प्रयोग गरिएको छ । शुक्रबारको दिन विद्यालय छुटेर आएपछि सोनाम र समीर पौडी खेल्न भनेर त्यही पोखरीमा गएका छन् । केही समयपछि विद्यालयबाट उनिहरूकै साथी समिता र गुरुआमा त्यही पोखरीको बाटो हुँदै घर फर्कदै छन् । सोनाम र समीरलाई देखेपछि उनीहरूको कुराकानी यही विषयमा हुन्छ ।

सोनाम र समीर पोखरीको पानी चिसो भएकोले शीतल र आनन्द भएको महसुस गर्छन् पौडी खेलिरहेको बेला गुरुआमाले देखेपछि पोखरीको पानीमा पौडी नखेल्न आग्रह गरेकी छन् । सोनाम र समीर भने ननुहाएको एक हप्ता भएको कुरा बताउछन् । गुरु आमाले पनि कक्षामा नियमित सरसफाइ हुने शरीर स्वस्थ्य राख्न नुहाउनु पर्ने भनेको आधारमा नुहाएको कुरा सोनाम र समीरले बताएका छन् । तर गुरु आमाले फोहोर र दुषित पानीमा नुहाउन नहुने र नुहाएमा विभिन्न रोगहरू मानिसलाई लाग्छ भन्ने कुरा कक्षामा बताइ सकेकी छिन् । समिताले पनि थुप्रै जिज्ञासा गुरु आमासँग राखेकी छिन् । गुरुआमाले फोहोर र दुषित पानी प्रयोग गर्नाले विभिन्न रोगहरू लाग्ने र इनार, कुवा, धाराको सफा पानीको प्रयोग गर्नाले शरीर स्वस्थ्य हुन्छ भन्ने सन्देश दिएकी छिन् । तसर्थ यस पाठमा

सोनाम र समीरले सफा पानीमा नुहाउने प्रतिबद्धता समेत गरेका छन् । दैनिक जीवनमा हामीले दिशा पिसाब गरेपछि साबुन पानीले राम्रो हात धुने, सडे-गलेको बासी खानेकुरा नखाने, हात खुट्टाको नङ राम्रोसँग काट्ने, दाँत नियमित माभ्ने र नियमित कसरत वा योग गर्ने कार्य गरेमा हाम्रो शरीर स्वस्थ्य हुने कुरा संवादमा उल्लेख गरिएको छ । तसर्थ कक्षा चारमा अध्ययन गर्ने स-साना बालबालिकाहरूलाई आफ्नो शरीर कसरी सफा राख्ने र स्वस्थ शरीरबाट हुने फाइदा धेरै हुने सन्देश यस पाठबाट दिएको छ । प्रस्तुत संवादको विषयवस्तु सार्थक रहेको छ ।

**४.२.३.३ पात्र/वक्ता**

कथावस्तुको भूमिका निर्वाह गर्ने कार्य पात्रको हुने गर्दछ । खास कथावस्तुले मागेजति कार्यकलाप पात्रले गर्नु पर्ने हुन्छ । पात्र गतिशील र स्थिर पनि हुने गर्दछ । आन्तरिक र बाह्य चरित्र प्रस्तुत हुने गर्दछ । सिङ्गो कथावस्तुलाई विकशित देखि अन्तिम मोड सम्म पुऱ्याउने काम पात्रकै हुन्छ । यस पाठमा पात्रहरू सोनाम, समीर, गुरुआमा र समिता रहेका छन् । यिनीहरूको भूमिकालाई संक्षिप्त रूपमा यहाँ प्रस्तुत गरिएको छ :

सोनाम

'सोनाम' यस पाठको संवादका प्रमुख पात्रका रूपमा रहेको छ । सोनाम कक्षा ४ मा अध्ययनरत छात्र हो । शुक्रबार विद्यालयल छुट्टी भएपछि नजिकै रहेको गाउँको पोखरीमा साथी समीरसँग जान्छ । उनीहरू दुवै फोहोर रहेको पोखरीमा पौडी खेल्छन् । शुरुमा उनीहरूको ज्ञान, बुद्धि विवेकमा परिपक्कता छैन । गुरुआमा त्यही बाटो भएर पोखरी छेउमा आइपुग्छिन् । फोहोर पानीमा दुवैजना नुहाएकाले गुरुआमाले अवदेखि फोहोर पानीमा नुहाउन नहुने कुरा बताउछिन् । यसैको सेरोफेरोमा संवादको विषयवस्तु अगाडि वढेको छ । तसर्थ सोनामले गुरुआमाको कुरा बुझेपछि अब उप्रान्त कुवा, धारा, ईनार सफा पानीमा मात्र नुहाउने प्रतिबद्धता गरेको छ । तसर्थ ऊ गतिशील पात्रको रूपमा रहेको छ ।

समीर

'समीर' यस संवाद पाठको प्रमुख पात्रको रूपमा उभिएको छ । विभिन्न प्रश्न उत्तर र जिज्ञासा राख्ने पत्र भएकोले ऊ जिज्ञासु स्वभावको रहेको छ । उसमा फोहोर पानीमा खेल्ने कार्यको ज्ञान पहिलो पटक नभएको पाइन्छ । उसमा पूर्ण ज्ञानको परिपक्कता छैन ।

आफ्नो कक्षामा पढाउने गुरुआमाको कुरा सुनेपछि मात्र उसको विचार परिवर्तन भएको छ । ऊ सफा र स्वस्थ्य बन्ने कार्यमा लाग्ने अठोट गरेको हुँदा गतिशील पात्रको रूपमा रहेको छ ।तसर्थ समीर यस संवादमा एउटा प्रतिनिधि र अनुकूल पात्रको रूपमा चिनिएको छ ।

गुरुआमा

"एउटा असल शिक्षकले विद्यार्थीको प्रकृति थाहा पाउनुपर्दछ ।"(A good teacher must know the puplil's nature.) (शर्मा २०६५, पृष्ठ-८९) । यो भनाइबाट प्रष्ट हुन्छ, प्रत्येक शिक्षक, गुरुआमाले प्रत्येक विद्यार्थीको अवस्था थाहा पाउनैपर्छ । 'गुरु आमा' यस संवादकी महत्त्वपूर्ण पात्र हुन् । यस संवादमा दुईजना अवोध बालबालिका सोनाम र समीर दुषित पानी पोखरीमा पौडी खेलेको घटना गुरुआमाले प्रत्यक्ष देखेकी छन् । यो नै पहिलो विद्यार्थीका अवस्था गुरुआमाले बुझेकी छन् । त्यसपछि सोनाम, समीर र समितालाई राम्ररी सम्झाउन सक्नु उनको विवेकको महत्वपूर्ण कार्य मानिन्छ । अन्तत : दुषित वातावरण, पानी प्रयोग गर्नाले मानवीय स्वस्थ्यमा गम्भिर रोगहरू देखा पर्ने हुँदा आगामी समयमा शुद्ध, सफा पानी धाराको प्रयोग गरे राम्रो स्वास्थ्य हुने कुरामा गुरु आमाले जोड दिनु भएको छ । तसर्थ गुरुआमा यस संवादकी विवेकशील, अनुकूल एक शिक्षिकाको रूपमा रहेकी छन् । उनको भूमिका एक अवोध निर्दोषबालबालिकाहरूलाई सही बाटोमा हिडाउन सक्नु उनको महत्त्वपूर्ण भूमिका रहेको छ ।

समिता

'समिता' पनि यस संवादमा देखापरेकी छन् । उनी गुरुआमासँग विद्यालय छुट्टी भएपछि सँगै घर फर्कने गर्छिन् । उनी गुरु, गुरुआमासँग हिड्न रूचाउछिन् । उनी एक अनुशासित, निडर, जिज्ञासु र आज्ञाकारी छात्रा रहेकी छिन् । उनले गुरुआमासँग थुप्रै जिज्ञासु प्रश्नहरू समेत राखेकी छन् । फोहोर पानीको प्रयोग गर्नाले हुने बेफाइदा र सफा पानीको प्रयोग गर्दा मानिसलाई हुने फाइदा सम्बन्धि कुराकानी गुरुआमासँग गरेकी छन् । तसर्थ उनी एक अनुशासित, आज्ञाकारी, इमान्दार छात्राको रूपमा रहेकी छन् ।

यस संवादमा सोनाम, समिर, गुरुआमा र समिताको प्रत्यक्ष कुराकानीले मानव शरीरलाई स्वस्थ्य राख्न विभिन्न उपायको बारेमा छलफल भएको छ । गुरुआमाले अब्बल शिक्षकको भूमिका निर्वाह गरेकी छन् । समिर, सोनाम र समिताले गुरुआमाको

विचारमहसुस गरेपछि उनीहरू स्वस्थ्य र सफा बन्ने कुरामा अठोट गरेका छन् । तसर्थ गुरुआमाको भूमिका एकदमै महत्वपूर्ण रहेको छ ।

### ४.२.३.४ परिवेश/वातावरण

कुनै पनि खास ठाउँ, समय, वातावरण देशकाल तथा परिस्थितिको बारेमा परिवेशले जानकारी दिन्छ । यस संवादको परिवेश स्थानीय गाउँले वातावरणको झल्को पाइन्छ । गाउँको नजिकै पोखरी पनि छ । त्यहाँ हाँस, भैँसी आहाल खेल्छन् । गाउँ नजिकै सामुदायिक विद्यालय रहेको छ । गर्मी मौसमको दिन सोनाम र समीर फोहोर पानीमा पौडी खेल्न गएको छन् । शुक्रवार हाप छुट्टीको दिन रहेको छ । तसर्थ गुरुआमाको उपस्थिति भएपछि दुषित पानीमा पौडी खेल्न नहुने रहेछ भन्ने विषय सोनाम समीरले बुझ्दछन् । यसैको सरोफेरोमा संवादको परिवेश अघि बढेको छ ।

### ४.२.३.५ द्वन्द्व

यस पाठ्यपुस्तक भित्र पात्रहरू सोनाम समीर गुरुआमा र समिता रहेका छन् । दुषित पानी भएको पोखरीमा नुहाउने र पौडी खेल्ने कार्यको त्यति ज्ञान सोनाम र समीरमा भएको पाइदैन । गुरुआमाले यस्तो पानीमा नुहाएको अवस्था देखेपछि समीर, सोनाम बीच विभिन्न संवाद भएको छ । तसर्थ सोनाम, समीर, समिता र गुरुआमासँग भएको अन्तरसंवाद नै बाह्य द्वन्द्व रहेको छ । त्यसैले यस पाठमा कक्षाको स्तर अनुसार संवादको प्रयोग भएको पाइन्छ ।

### ४.२.३.६ भाषाशैली

'कथामा अभिव्यक्त माध्यम भाषा हो भने भाषाको माध्यमद्वारा प्रस्तुत गर्ने धारणा वा विचार प्रष्ट्र्याउने ढाँचालाई शैली भन्ने गरिन्छ (शर्मा, २०६०) ।'

मानव मनका भाव, विचार आदानप्रदान गर्ने कार्य भाषाले गर्दछ । तसर्थ भाषालाईविचार विनिमयको तथा साझा सम्पर्कको रूपमा लिइएको छ । तिनै भाषालाई लेख्य तथा कथ्य रूपमा प्रस्तुत गर्ने कलात्मक पक्षलाई शैली भनिन्छ ।

तसर्थ संवादमा प्रयोग भएका भाषा सरल संक्षिप्त प्रकारको छ । भाषा गद्यात्मक भएकाले सहज छ । भाषिक प्रयोग शैली प्राथमिक तहका बालबालिकाहरूको स्तर, रुचिलाई

ख्याल गरिएको छ । कथ्य नेपाली भाषाको प्रयोग भेटिए तापनि ठाउँ ठाउँमा नयाँ शब्दहरूको प्रयोग भएको छ जस्तै : किटाणु, आक्रमण, अठोट, जस्ता नविन शब्दहरूको प्रयोगले संवाद मिठासपूर्ण बनेको छ ।

### ४.२.३.७ संवाद

यस संवादमा सोनाम, समीर, समिता र गुरुआमासँग संवाद भएको छ । यस पाठमा प्रयोग भएका संवाद उपदेशमूलक र चोटिलो रहेको छ । संवादमा छोटा छरीता र मिठासपूर्ण वाक्यको प्रयोगले प्रभावकारी कुराकानी भएको छ । यस आधारमा हेर्दा धन सम्पत्ति भन्दा ज्ञान, बुद्धि विवेक र स्वस्थ शरीर ठूलो हुन्छ भन्ने कुरा बुझ्न सकिन्छ ।

### ४.२.३.८ उद्देश्य

हाल अहिले नेपालमा सम्पूर्ण बालबालिकाहरू विभिन्न खाले रोग, हैजाको कारण बर्षेनी अकालमै मृत्यु हुन पुगेका छन् । प्राकृत घटना भूकम्प, बाडी पहिरो, आदि कारण बर्षेनी बाल मृत्युदर वढी रहेको छ । तसर्थ हाम्रो गाउँ घर, शहर बजारमा पनि बिषादीयुक्त साग, सब्जी, खानेकाम वढी भइरहेको छ । हामीमा सरसफाइसम्बन्धी ज्ञान कम भएको छ । स्वास्थ्य शरीर कसरी हुने भन्ने चेतना छैन । त्यसकारण बालबालिकाको यहि स्तर, उमेरमा नै सरसफाई, स्वस्थ्य शरीर हुने सम्बन्धि ज्ञान, तालिम जागृत गराउन सक्नु यस पाठको मूल उद्देश्य रहेको छ ।

## ४.३ भाषा पाठ्यक्रमका उद्देश्यका आधारमा दुवै भाषा पाठ्यपुस्तकहरूमा समाविष्ट रूपक विधाको विश्लेषण

पाठ्यक्रमले खास उद्देश्य विषयवस्तु, शिक्षण विधि मूल्याङ्कन आदि के कसरी प्रयोग गर्ने भन्ने विषय यकिन गर्दछ । पाठ्यक्रमभित्र राष्ट्रिय उद्देश्य, तहगत, कक्षागत, विषयगत र पाठगत उद्देश्यहरू समावेश गरिएको हुन्छ । भोली राष्ट्रको लागि आवश्यक जनशक्ति तयार गर्नुपर्ने हुन्छ । तसर्थ वर्तमान भाषापाठ्यक्रम सोही अनुरूप हुनु पर्दछ । यसर्थ प्राथमिक तहको नेपाली भाषापाठ्यक्रमको विश्लेषण गर्नुपूर्व शिक्षाका राष्ट्रिय उद्देश्यलाई यस प्रकार प्रस्तुत गरिएको छ :

१. प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा र व्यक्तित्त्व विकासका सम्भावनालाई प्रस्फुटित गर्न सहयोग गर्ने,

२. प्रत्येक व्यक्तिमा निहित सार्वभौम मानवीय मूल्य साथै राष्ट्रिय संस्कृति र सभ्यता, अस्मिता, सामाजिक मान्यता र आस्थाहरूको संवर्द्धन गरी जीवन्त अनुभवहरू समेट्दै स्वस्थ्य सामाजिक तथा सामूहिक जीवनपद्धतिको विकास गर्न चरित्रवान् एवम् नैतिकतावान् तयार गर्ने,

३. स्थानीय, राष्ट्रियस्तरको व्यवसाय, पेसा एवम् रोजगारीका साथै आवश्यकता अनुसार अन्तराष्ट्रिय रोजगारीतर्फ उन्मुख उत्पादनमूखी र सीपयुक्त नागरिक तयार गर्न सहयोग गर्ने,

४. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक एकतालाई सुदृढ बनाउने,

५. समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणका निम्ति मानव संसाधनको विकास गर्ने,

६. प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण र सदुपयोग गर्न सहयोग गर्ने,

७. सामाजिक समानता र न्यायबारे चिन्तन गर्दै तदनुरूपको आवश्यक विकास गर्ने र समावेशी समाज निर्माणमा मद्धत गर्ने,

८. स्थानीय राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेश अनुकूल शान्तिमैत्री, सद्भाव, सहिष्णुता र विश्वबन्धुत्वको भावनाको विकास गरी तदनुरूपको आचरण गर्ने गराउने र हरेक प्रकारका द्वन्द्व व्यवस्थापनका लागि सक्षम नागरिक तयार गर्ने,

९. आधुनिक सूचना प्रविधिसँग परिचित भई त्यसको प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउदो दक्ष जनशक्ति तयार गर्ने,

१०. राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, मानव अधिकारप्रति सम्मान गर्ने, समालोचनात्मक सोच भएका, स्वाभिमानी तथा अरुलाई सम्मान र आफूलाई नेपाली भएकोमा गौरव गर्ने नागरिक तयार गर्ने,

११. नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्द्धन र विस्तारतर्फ अभिप्रेरित नागरिक तयार गर्न मद्दत गर्ने। (स्रोत : प्राथमिक शिक्षा पाठ्यक्रम : २०६५)

- **शिक्षाका तहगत उद्देश्य : प्राथमिक तहको उद्देश्य**

१. राष्ट्र, राष्ट्रिय एकता र लोकतान्त्रिक संस्कारको भावना पैदा गराई नैतिकता अनुशासन र स्वाबलम्बन जस्ता सामाजिक एवम चारित्रिक गुणको विकास गर्ने,

२. आधारभूत भाषिक तथा गणितीय सीपको विकास गर्ने,

३. विज्ञान सूचना प्रविधि, वातावरण र स्वास्थ्य सम्बन्धी आधारभूत ज्ञान तथा जीवनोपयोगी सीपको विकास गर्ने,

४. कला सौन्दर्य प्रति अभिरुचि जगाई सिर्जनशील सीपको विकास गर्ने,

५. विभिन्न जातजाति, भाषा, धर्म, संस्कृति र क्षेत्रप्रति सद्भाव जगाई समावेशी समाजको निर्माणमा सहयोग पुऱ्याउने,

६. मानव अधिकार तथा सामाजिक मूल्य मान्यताप्रति सचेत भई जिम्मेवारपूर्ण आचरणको विकास गर्ने।

(स्रोत : पाठ्यक्रम विकास केन्द्र २०६५ प्राथमिक तहको प्राथमिक शिक्षा पाठ्यक्रम)

- **नेपाली भाषाको साधारण उद्देश्य**

**क) सुनाइ सीप**

- विभिन्न प्रकारका निर्देशनहरू सुनेर सोही अनुसार गर्न
- कुनै विषयवस्तुको वर्णन, छलफल आदि ध्यान पूर्वक सुनेर तिनको अर्थ र आशय बुझि प्रतिक्रिया जनाउन,
- बालकथा, बालगीत, कविता आदि आनन्द लिने गरी सुन्न,

**ख) बोलाइ सीप**

- शब्दहरू शुद्ध र स्पष्टसँग उच्चारण गरी स्वभाविक गतिका साथ बोल्न,
- देखे, सुनेका र अनुभव गरेका कुरा सिलसिला मिलाई बताउन

- कुराकानी, छलफल आदिमा आफ्ना कुरा धक नमानी शिष्ट ढङ्गले राख्न,

**ग) पढाइ सीप**

- नेपाली भाषामा लेखिएका सरल पाठ्यसामाग्रीहरू गति र यति मिलाई स्पष्ट रूपमा पढ्न
- स-साना सूचना विवरण पढेर आशय बुझ्न,
- सरल बाल साहित्यका रचनाहरू रुचि लिई पढ्न

**घ) लेखाइ सीप**

- ठीक दुरीमा बान्की मिलाएर अक्षर लेख्न
- देखे सुनेका र अनुभव गरेका कुराहरू सिलसिला मिलाएर शुद्धसँग लेख्न
- आफ्नो अनुभवका सेरोफेरोका विषयमा छोटा लिखित रचना तयार गर्न

(स्रोत : पाठ्यक्रम विकास केन्द्र २०६५ प्राथमिक तहको प्राथमिक शिक्षा पाठ्यक्रम)

➢ क्षेत्र तथा क्रम तालिका

तालिका नं. : २

| क्षेत्र | कक्षा : ४ | कक्षा : ५ |
|---|---|---|
| सुनाइ | निर्देशन प्रश्नोत्तर, कुराकानी, छलफल, बालगीत, कथा विद्युतीय सञ्चार साधनका कार्यक्रम आदि | -निर्देशन, अनुरोध<br>-प्रश्नोत्तर, कुराकानी, छलफल, वर्णन बालगीत, कथा<br>-विधुतीय सञ्चार साधनका कार्यक्रम आदि |
| बोलाइ | -स्वभाविक बोलाइ, शिष्टचार शब्द कुराकानी, सोधपुछ, प्रश्नोत्तर, छलफल, वर्णन, संवाद अभिनय<br>-बालगीत, बालकथा, | स्वभाविक बोलाइ शिष्टचार शब्द कुराकानी, सोधपुछ, प्रश्नोत्तर, छलफल, वर्णन, संवाद, अभिनय, उद्घोषण<br>-बालगीत, बालकथा, |

| | | |
|---|---|---|
| | गाउँखाने कथा, चुट्किला आदि | गाउँखाने कथा चुट्किला आदि |
| पढाइ | -साधारण सूचना विवरण, चिठीपत्र समाचार<br>-पोस्टर, भित्तेपात्रो<br>-सरल बाल साहित्य आदि | साधारण सूचना विवरण चिठीपत्र निवेदन समाचार<br>-पोष्टर, भित्तेपात्रो, सरल बाल साहित्य आदि |
| लेखाइ | -चित्र वस्तुको वर्णन<br>-अनुलेखन<br>-हिज्जे, श्रुतिलेखन<br>निर्देशित रचना स्वतन्त्र रचना, चिन्हको प्रयोग | चित्र र वस्तु तथा अनुभवको वर्णन, अनुलेखन हिज्जे, श्रुतिलेखन निर्देशित रचना, स्वतन्त्र रचना, चिन्हको प्रयोग |
| कार्यमूलक व्याकरण | पद सङ्गति<br>क्रियाका काल | पद सङ्गति<br>क्रियाका काल |

- **विधाका पाठहरूको वितरण**

हाम्रो नेपाली किताब र सरल नेपाली माला किताबभित्र समाविष्ट विधाहरूको पाठगत वितरण यसप्रकार रहेको छ :

तालिका नं. : ३

| क.सं. | विधा | हाम्रो नेपाली किताव कक्षा : ४ पाठ सङ्ख्या | सरल नेपाली माला कक्षा : ४ पाठसङ्ख्या |
|---|---|---|---|
| १. | कविता | ५ | ५ |
| २ | प्रबन्ध/निबन्ध | ६ | ४ |
| ३ | जीवनी | - | १ |
| ४ | कथा | ६ | ४ |
| ५ | रूपक | २ | १ |
| ६ | चिठी | २ | २ |
| | जम्मा | २१ | १६ |

स्रोत : पाठ्यक्रम विकास केन्द्र - २०६५, प्राथमिक तहको प्राथमिक शिक्षा पाठ्यक्रम

विश्लेषण

हाम्रो नेपाली किताबमा जम्मा २१ वटा पाठ सङ्ख्या रहेको छ भने सरल नेपाली माला भित्र-१७ वटा पाठ सङ्ख्या रहेको छ। दुवै विषयमा ६ वटा विधाका आधारमा पाठको वितरण गरिएको छ।समग्रमा यस विधाका पाठहरूको उद्देश्य विषयगत र अभिव्यक्तिगत क्षमताको विकास गर्ने रहेको छ।

➢ पाठ्यभार वितरण

तालिका नं. : ४

| भाषिक सीप | कक्षा : ४ | | कक्षा : ५ | |
|---|---|---|---|---|
| | पाठ्यभार | अङ्कभार% | पाठ्यभार | अङ्भार% |
| सुनाइ | ३८ | १५ | ३८ | १५ |
| बोलाइ(उच्चारण समेत) | ५१ | २० | ३८ | १५ |
| पढाइ(शब्द भण्डार समेत) | ७७ | ३० | ७७ | ३० |
| लेखाइ (हिज्जे र चिन्ह प्रयोग समेत) | ७७ | ३० | ९० | ३५ |
| कार्यमूलक व्याकरण | १३ | ५ | १३ | ५ |
| पदसङ्गति मात्र | | | | |
| जम्मा | २५६ | १०० | २५६ | १०० |

स्रोत : पाठ्यक्रम विकास केन्द्र - २०६५, प्राथमिक तहको प्राथमिक शिक्षा पाठ्यक्रम

विश्लेषण

विद्यार्थीहरूको भाषिक क्षमताको परीक्षण विभिन्न भाषिक सीप आर्जन गरेर प्राप्त हुन्छ। सुनाइ, बोलाइ, पढाइ र लेखाइ भाषिक सीपहरू हुन्। कक्षा ४ को पाठ्यभार २५६ छ र कक्षा ५, को पनि २५६ रहेको छ। वार्षिक अङ्कभार पनि कक्षा : ४ को १०० र ५ को १०० रहेको छ।

## ४.४ भाषिक सीप आर्जनका दृष्टिले उक्त दुई भाषा पाठ्यपुस्तकमा रहेको पाठहरूको तुलनात्मक विश्लेषण

भाषिक सीपअन्तर्गत भाषाका चार अङ्ग सुनाइ, बोलाइ, पढाइ र लेखाइ पर्दछन्। भाषाको ज्ञान प्राप्त गर्नु नै भाषिक सीप आर्जन गर्नु हो। यहाँ हाम्रो नेपाली किताब र सरल

नेपाली माला कक्षा ४, को रूपक विधाको विश्लेषण गरिएको छ । हाम्रो नेपाली किताबभित्र बिहेको निम्तो र पशुपन्छी र हाम्रो कर्तव्य गरी दुईवटा रूपक र सरल नेपाली माला भित्र 'स्वास्थ्य नै सम्पत्ति हो भन्ने संवाद एकवटा रूपक रहेको छ । तसर्थ प्राथमिक तहको प्राथमिक शिक्षा पाठ्यक्रम २०६५ मा रूपक विधाभित्र सुनाइ सीपका उद्देश्यहरू निम्नानुसार छन् :

सुनाइ सीप

- विभिन्न प्रकारका निर्देशनहरू सुनेर सोही अनुसार गर्ने ।
- कुनै विषयवस्तुका वर्णन, छलफल आदि ध्यान पूर्वक सुनेर तिनको अर्थ र आशय बुझि प्रतिक्रिया जनाउन ।
- बालकथा, बालगीत, कविता आदि आनन्द लिने गरी सुन्न ।
- कथा, घटना विवरण सुनाएर मुख्यमुख्य कुरा भन्न लगाउने

यिनै सीपका आधारमा उल्लेखित समान पाठहरूको विश्लेषण निम्नानुसार गरिन्छ :

### ४.४.१ सुनाइ सीपका आधारमा 'बिहेको निम्तो

पशुपन्छी र हाम्रो कर्तव्य र स्वास्थ्य नै सम्पत्ति हो' पाठहरूको विश्लेषण :

सुनाइको अर्थ सुन्ने क्रिया वा भाव हो । बालबालिकाले अरुले भनेका कुरा के-कसरी सुनेर त्यसको अर्थ ग्रहण गर्छन् ?, सुनाइ सीपको विकास के-कसरी हुन्छ ? भन्ने कुरामा यो पाठ केन्द्रित छ ।

'बिहेको निम्तो' शीर्षक संवादमा रमेश, अञ्जना र महेश बीच एक आपसमा संवाद गराइएको छ । यी पात्रहरूले एकले भनेका कुरा अर्काले होसियारी पूर्वक सुनेर अर्थ ग्रहण गरी आवश्यक हाउभाउ, चेष्टा अङ्ग सञ्चालनका साथ शीर्षकको निचोडमा पुगेका छन् । उनीहरूबीच भएको संवादको सानो अंश यस्तो छ :

रमेश : नानी ! यो महेशजीको घर हो ?

अञ्जना : हो, के कामले सोध्नु भएको होला ?

रमेश : ए, ठिकै ठाउँमा पो आइएछ । म महेशजीको साथी रमेश, पल्लो गाउँबाट आएको हुँ ।

अञ्जना : नमस्कार काका ! म उहाँकी छोरी अञ्जना माफ गर्नुहोस् है काका, मैले तपाईलाई चिन्नै सकिनँ ।

रमेश : कसरी चिन्नु त तिमीले ! म यता नआएको धेरै भयो, अनि बुवा खोइ त ?

अञ्जना : बुवा बजार जानु भएको छ । आइपुग्ने बेला भो ।

रमेश : छोरी, बाहिर कोही आए जस्तो छ, हेर त ?

अञ्जना : बुवा आउनु भयो जस्तो छ ।

बुवा/महेश : ए, छोरी ! यो झोला भान्सामा लैजाऊ त ।

अञ्जना : हवस् बुवा, पल्लो गाउँबाट रमेश काका आउनुभएको छ ।

बुवा (महेश) : रमेशजी कहाँ आउनुभएको छ ? खै कहाँ हुनुहुन्छ ?

अञ्जना : उता बस्नुभएको छ ।

बुवा : नमस्कार है रमेशजी

रमेश : नमस्कार महेश जी !

महेश : के पऱ्यो त्यस्तो !

रमेश : छोरीको बिहे गर्न लागेको ।

महेश : छोरीको ? कल्पनाको ?

रमेश : म त तपाईलाई नियन्त्रणा दिन आएको हुँ । चुलैनिम्तो । सबैजना आउनुपर्छ नि ।

महेश : किन नआउनु ? अवश्य आउँछौ ।

यस संवादमा सुनाइ सीप विकासका लागि छोटा, स्पष्ट बुझिने खालको वाक्य रचना गरिएको छ । घरायसी गफ, कुराकानी झल्किने किसिमको संवाद रहेको छ । सरल किसिमको शब्दहरूको छनोट गरिएको छ । तसर्थ कक्षा चार मा पढ्ने वालवालिकाहरूले अरु कुनै शीर्षकमा संवाद गर्न, सुन्न, लेख्न र पढ्न सक्छन् ।

संवाद नै अर्को पाठ 'पशुपन्छी र हाम्रो कर्तव्य' रहेको छ । यो पाठ सामुदायिक विद्यालयअन्तर्गत 'कक्षा ४ को मेरो नेपाली' किताब भित्र समेटिएको छ । यस पाठमा राजु र बटुवा दुई जना वक्ता रहेका छन् । दुई पात्रबीच मौखिक कुराकानी भएको छ । यस पाठमा प्रयोग भएको संवादको नमूना यस्तो छ :

राजु : तपाईले चरा किन उडाईदिनुभएको ?

बटुवा : हेर बावु ! यी चराचुरुङ्गी र जनावरहरू पनि हामी जस्तै हुन् । यिनीहरूको पनि आफ्नो परिवार हुन्छ । यिनीहरूलाई मारेर के पाइन्छ ? हामीले यिनीहरूको रक्षा पो गर्नुपर्छ ।

राजु : तपाईले भनेका कुरा कसरी पत्याऊँ ! मासु पसलेहरूले कुखुरा, बोका, खसी राँगा, किन काटेका त ? तिनीहरूले पनि पशुपन्छी नमार्नुपर्ने होइन र ?

बटुवा : अरुले मार्छन् भनेर आफूले पनि मार्न भएन नि ! अर्काले घोडा चढ्यो भनेर आफूले धुरी चढ्न हुन्छ ? पशुपन्छीलाई मार्ने होइन यिनीहरूलाई त माया गर्नुपर्छ ।

राजु : दाइ, यी पशुपन्छीहरूको सुरक्षा र जोगाउने उपाय छैन त ?

बटुवा : हेर बाबु, सबै कुराको उपाय हुन्छ । यसका लागि जङ्गली जनावरहरूको सिकार गर्नु हुन्न । जङ्गल भनेको बन्यजन्तुहरूको बासस्थान हो । बनको संरक्षण गर्नुपर्छ । पशु र पन्छी मान्छेका साथी हुन् भन्ने भावना लिनुपर्छ । थाहा पायौ ?

राजु : बुझेँ दाइ, अब म कहिल्यै चराचुरुङ्गी मार्दिनँ, ल म अहिले नै यो गुलेली फ्याँकिदिन्छु ।

यस संवादमा प्रयोग भएका वाक्यहरू लामो रहेका छन् । तर पनि कक्षा -४ को स्तर अनुकूल नै मान्न सकिन्छ । चेतनशील, आश्रयस्थल जस्ता केही शब्दहरू स्तर अनुकूल नरहेको पाइन्छ । बालबालिकाको स्तर सुहाउदो शब्द, वाक्य गठन छनोट हुन सकेको छैन ।पाठमा दृश्य चित्र साधारण किसिमको रहेको छ । राजुले बनका चरा चुरुङ्गी मार्ने काममा लागेको छ । गुलेलीले चरा मार्न खोज्दा बटुवाले हा...हा गरेर चराहरू उडाइ दिएको घटनाबाट संवादको विषयवस्तु अगाडि बढेको छ । राजुको यस्तो कार्य देखेर बुटवाले राम्ररी सम्झाउछन् । अन्तिममा राजुले आफ्नो गलत कार्य त्यागछ र

गुलेली पनि फ्याकि दिन्छ । प्रस्तुत संवादको शीर्षक, समसामयिक घटणालाई मेल खाने किसिमको रहेको छ ।

संवादको अर्को पाठ 'स्वास्थ्य नै सम्पत्ति हो' भन्ने रहेको छ । यो पाठ संस्थागत विद्यालयको कक्षा चारको सरल नेपाली मालाभित्र समाविष्ट छ । यस संवादमा चारजना पात्रहरू सहभागी भएर मौखिक कुराकानी गरेका छन् । यस पाठमा चारजना पात्रहरूले गरेका संवादको नमूना यस्तो छ :

सोनाम : (पोखरीको पानीमा पौडँदै) आहा ! कति चिसो पानी, बल्ल शीतल भयो, हगि समीर !

समीर : (पानीबाट बाहिर निस्कँदै) हो भन्या, कस्तो गर्मी थियो । बल्ल आनन्द आयो ।

(गुरुआमा र समिता उनीहरूतिरै आउँछन् । सोनाम र समीर दुबैजना पोखरीको डिलमा उभिन्छन् ।)

गुरुआमा : ओहो ! तिमीहरूले यस्तो फोहोर पानीमा के गरेका हँ ?

सोनाम : ननुहाएको एक हप्ता भएकोले नुहाउन लागेको गुरु आमा !

समीर : हो, गुरु आमा ! त्यसैले हामी त नुहाउन लागेको

गुरुआमा : हेर बाबु हो, स्वास्थ्य राम्रो पार्न नुहाइधुवाइ गर्नै पर्छ तर यस्तो फोहोर पानीमा नुहाउनाले त स्वास्थ्य राम्रो हुने होइन बरु रोग बढ्नेछ ।

समिता : नुहाउँदा त जीउको मैलो जान्छ अनि सफा भइन्छ र स्वस्थ्य बनिन्छ भनेको हैन र गुरुआमा ?

गुरुआमा : हो समिता, तर जीउ सफा राख्न त सफा पानीले नै नुहाउनुपर्छ । फोहोर पानी जीउमा पर्दा त जीउ नै फोहोर भइहाल्छ नि ।

सोनाम : त्यसो भए हामीले कहाँ-कहाँ नुहाउनु पर्छ त गुरुआमा ?

गुरुआमा : हेर, बाबु हो ! सफा पानी आउने धारा, सफा पानी भएको ईनार, कुवाको पानीमा नुहाउनुपर्छ ।

समिता : स्वास्थ्य त ठूलो धन रहेछ, हैन त गुरुआमा ?

गुरुआमा : हो त नि ! रोग लागेमा शरीरलाई दुःख हुन्छ, धेरै सम्पत्ति सिधिन्छ । कुनै रोगले मान्छेको मृत्यु नै गराउँछ । त्यसैले स्वास्थ्य राम्रो भयो भने त्यही ठूलो सम्पत्ति हुन्छ, बुझ्यौ ?

समिता : बुझेँ गुरुआमा !

यस संवादमा चारजना पात्रहरू मध्ये तीन जना विद्यार्थीहरू र एक जना गुरुआमा रहेका छन् । यिनीहरूबीच संवादात्मक ढाँचामा आ-आफ्नो कुराहरू राख्ने काम भएको छ । संवादमा सरल वाक्यको प्रयोग भएको छ । शब्दको छनोट कक्षाको स्तर अनुकूल नै रहेकाले संवादको शीर्षक अनुकूल रहेको छ । संवादमा शीर्षक सुहाउदो रङगिन चित्र रहेको छ । विद्यार्थीहरूले सजिलै बुझ्न सकिने खालका सरल भाषाशैलीको प्रयोग समेत गरिएको छ ।

### ४.४.२ बोलाइ सीपका आधारमा विवेच्य पाठहरूको तुलनात्मक विश्लेषण

भाषिक सीपको दोस्रो महत्वपूर्ण पक्ष बोलाइ हो । व्यक्तिले सुनेर जुन कुरा अभिव्यक्त गर्छ त्यो बोलाइ हो । बोलाइले भाषिक अभिव्यक्ति गर्न मद्धत पुऱ्याउदछ, बोलीलाई सरल, सहज, शिष्ट तथा नम्र बनाउन पनि बोलीको विकास आवश्यक हुन्छ । प्राथमिक तहको प्राथमिक शिक्षा पाठ्यक्रम (२०६५) मा रूपक विधाका पाठहरूबाट बोलाइ सीपका लागि निम्न उद्देश्यहरू राखेको पाइन्छ :

- शब्दहरू शुद्ध र स्पष्टसँग उच्चारण गरी स्वभाविक साथ बोल्न
- देखेसुनेका र अनुभव गरेका कुरा सिलसिला मिलाई बताउन
- कुराकानी, छलफल आदिमा आफ्ना कुरा धक नमानी शिष्ट ढङ्गले राख्न ।

### ४.४.३ बोलाइ सीपका आधारमा 'बिहेको निम्तो', 'पशुपन्छी र हाम्रो कर्तव्य' र 'स्वास्थ्य नै सम्पत्ति हो' पाठहरूको विश्लेषण

बोलाइ सीप विकासका लागि 'बिहेको निम्तो' शीर्षक पाठमा अञ्जना, रमेश र महेशबीच संवाद गराइएको छ । यस पाठमा प्रयोग गरिएका शब्दहरू कक्षा -४, मा पढ्ने बालबालिकाहरूलाई उच्चारण गराउदा सहजताका साथ उच्चारण गर्न सक्छन् ।

अञ्जना र रमेशबीचको कुराकानी घरायसी भेटघाट हुदा बोलिने शब्दहरूको प्रयोग गरिएको छ । यस पाठको लक्ष्य मौखिक कुरा बताउनु, प्रश्नोत्तर, गर्नु साथीहरूसँग भेटघाट हुदा कुरा गर्नु, आफूले भन्न चाहेका कुराहरू नेपाली भाषामा अभिव्यक्ति गर्नु हो । संवादको अर्को पाठ पशुपन्छी र हाम्रो कर्तव्य मा राजु र बटुवा दुईजना पात्रहरू छन् । यस पाठमा कठिन शब्दहरू र लामा वाक्यहरूको प्रयोग गरिएको छ । पाठमा समावेश वक्ताहरूले शुद्ध उच्चारण, मौखिक अभिव्यक्ति, शिष्ट भाषा सिलसिलाबद्ध भनाइ राखेतापनि कक्षा-चारमा पढ्ने बालबालिकाहरूका लागि पाठमा प्रयोग भएको संवाद उच्चारण गर्न कठिन हुन्छ ।

संस्थागत विद्यालयको 'सरल नेपाली माला कक्षा चारको पाठ्यपुस्तकमा समावेश भएको 'स्वास्थ्य नै सम्पत्ति हो' शीर्षकको संवादमा जम्मा चारजना पात्रहरू रहेका छन् । सरल शब्द र वाक्य रचनाको प्रयोग भएकाले कक्षा चारको स्तर र तह सुहाउदो नै रहेको छ । छोटो, सरल भाषा शैलीको प्रयोग भएकाले संवाद स्पष्ट बुझिने किसिमको रहेको छ ।

यी तीन संवाद मध्ये बोलाई सीपको विकासमा 'स्वास्थ्य नै सम्पत्ति हो पाठ बढी उपयोगी मान्न सकिन्छ । प्रयोगात्मक र व्यवहारिक अतिरिक्त अभ्यास समेत सोनु र काकाबीच यस पाठ्यपुस्तकमा राखिएको छ । विद्यार्थीहरूलाई कक्षामा नमूना अभ्यास समेत गराउन सकिन्छ । अक्षर, शब्द, र वाक्य रचनाका दृष्टिले स्पष्ट बुझिने र रङगिन किसिमको छ । बिहेको निम्तो र पशुपन्छी र हाम्रो कर्तव्य संवादमा प्रयोग भएका शब्द कठिन र साधा रहेको छ । विद्यार्थीहरूको अभिरुचि यस संवादतर्फ कमी रहेको पाइन्छ ।

### ४.४.४ पढाइ सीपका आधारमा विवेच्य पाठहरूको तुलनात्मक विश्लेषण

भाषिक सीप आर्जनको तेस्रो महत्त्वपूर्ण आधार पढाइ सीप हो । सुनाइ र बोलाइ पछि पढाइको क्रम आउछ । सीपका लागि शुद्ध उच्चारण, स्पष्ट बोली, त्रुटिरहित लवज आदि नभइ नहुने तत्त्व मानिन्छ । तसर्थ यी तीनवटै भाषिक सीपहरू उच्चारणसँग सम्बन्धित छन् । पढाइ सीपलाई कक्षाका तह अनुसार सस्वर र मौन पढाइ गरी विभाजन गर्ने गरिन्छ । प्राथमिक तहका लागि सस्वर पठन ढाँचा उपर्युक्त मानिन्छ । विद्यार्थीहरूलाई कक्षामा नमूना अभ्यास, प्रयोगात्मक गराएर थप अभ्यस्त बनाउन सकिन्छ ।

प्राथमिक शिक्षा पाठ्यक्रम (२०६५) ले पढाइ सीपका उद्देश्यहरू निम्नअनुसार उल्लेख गरेको छ :

- नेपाली भाषामा लेखिएका सरल पाठ्यसामाग्रीहरू गति र यति मिलाई स्पष्ट रूपमा पढ्न ।
- स-साना सूचना विवरण पढेर आशय बुझ्न ।
- सरल बालसाहित्यका रचनाहरू रुचि लिई पढ्न ।

### ४.४.५ पढाइ सीपका आधारमा 'बिहेको निम्तो', 'पशुपन्छी र हाम्रो कर्तव्य र स्वास्थ्य नै सम्पत्ति हो' संवादको तुलनात्मक विश्लेषण

पढाइ सीप विकास गराउनको लागि विद्यार्थीहरूलाई पालैपालो गति, यति, मिलाई पढ्न लगाउनु पर्दछ । पठनबोधको लागि 'स्वास्थ्य नै सम्पत्ति हो' भन्ने पाठ बढी उपयोगी मान्न सकिन्छ । यस संवादमा जति पात्रहरू छन् त्यति नै सङख्यामा विद्यार्थीहरूलाई कक्षामा पालैपालो मिलाई पाठको भाव अनुसार लय, सुर, आघात मिलाएर सस्वरवाचन गराउनु पर्दछ । यसरी सस्वरवाचनबाट विद्यार्थीहरूको सुनाइ, बोलाइ र पढाइ सीपको विकास हुन पुग्छ । कक्षा चारको पढाइ सीप विकासका लागि सस्वरवाचन प्रभावकारी र उपर्युक्त हुन्छ । यसका साथै शब्दभण्डारको समेत वृद्धि गर्न, सहयोग पुग्दछ । यस संवादमा शब्दको अर्थ पनि तोकिएको पाठमा समावेश गरिएको छ । तसर्थ विद्यार्थीहरूलाई कठिन लागेका शब्दको अर्थपनि तुरुन्तै भेट्न सक्छन् ।

यसैगरी बिहेको निम्तो र पशुपन्छी र 'हाम्रो र कर्तव्य पाठ कक्षा चार सरकारी विद्यालयको 'मेरो नेपाली' किताब भित्र समाविष्ट संवाद हो । बिहेको निम्तो संवादमा ३ जना र पशुपन्छी र हाम्रो कर्तव्यमा २ जना पात्रहरूको सक्रियतामा संवादको विषयवस्तु अगाडि बढेको छ । यस संवादको पाठमा कठिनको शब्दको अर्थ दिएको छैन । वाक्य रचना पनि लामा र घुमाउरो अर्थ दिने किसिमको छ । पढाइ सीप आर्जनका लागि भने दुईवटा संवाद उपयुक्त नै मानिन्छ ।

### ४.४.६ लेखाइ सीपका आधारमा विवेच्य पाठहरूको तुलनात्मक विश्लेषण

भाषाका चारवटा सीपहरूमध्ये लेखाइ सीप महत्त्वपूर्ण हो । आफ्नो मनमा लागेका कुरा सुनेर, विचार गरी ज्ञान, अनुभवलाई लिपिबद्ध भाषामा प्रस्तुत गर्नुलाई लेखाइ

भनिन्छ । भाषाको कथ्य रूपलाई आफ्नो कलापूर्वक लेख्य रूपमा परिवर्तन गर्नु नै लेखाइ हो । लेख्य सीप सम्पन्न गर्न मानिसको मस्तिष्क र शारीरिक अङ्ग सक्रिय हुनुपर्दछ । विभिन्न सरकारी अड्डा, अदालत, कार्यालय आदि ठाउँमा काम सम्पन्न गर्न लेखाइको माध्यम अपनाइन्छ । बालबालिकाहरूलाई लेखाइ सीपको विकास गर्न अनुलेखन, श्रुतिलेखन, अनुभवलेखन, अनुच्छेद लेखन, सारांश लेखन, चिठ्ठी लेखन संवाद लेख्न, प्रश्नोत्तर लेखन, निबन्ध लेखन जस्ता माध्यम अप्नाउन सकिन्छ ।

प्राथमिक तह प्राथमिक शिक्षा पाठ्यक्रम (२०६५) ले कक्षा चारको रूपक विधाको लेखाइ सीपका लागि निम्न उद्देश्यहरू उल्लेख गरको पाइन्छ :

- ठीक दुरीमा बान्की मिलाएर अक्षर लेख्न ।
- देखेसुनेका र अनुभव गरेका कुराहरू सिलसिला मिलाएर शुद्धसँग लेख्न ।
- आफ्नो अनुभवका सेरोफेरोका विषयमा छोटा लिखित रचना तयार गर्न ।

### ४.४.७ लेखाइ सीपका आधारमा 'बिहेको निम्तो', पशुपन्छी र हाम्रो कर्तव्य' र स्वास्थ्य नै सम्पत्ति हो संवादको विश्लेषण

सरकारी विद्यालयको कक्षा चारको 'मेरो नेपाली' किताब भित्र समाविष्ट बिहेको निम्तो र 'पशुपन्छी र हाम्रो कर्तव्य' दुईवटा संवाद रहेको छ । कक्षा चारमा संवाद राखिनुको मुख्य उद्देश्य भाषाका अन्य सीप आर्जन गराउनुको साथै लेखाइ सीपको विकासमा जोड दिनु हो । रूपक विधाको पाठहरू पढाएपछि शिक्षकले विद्यार्थीहरूलाई लेख्न लगाउन सकिन्छ । यसरी कक्षामा श्रुतिलेखन, अनुच्छेद लेखन, प्रश्नोत्तर आदिको अभ्यास गराउन सकिन्छ । विद्यार्थीहरूले शुद्धसँग वर्णविन्यास मिलाएर, ठीक दुरीमा लेख्न सके सकेनन् त्यसको परीक्षण गर्न शिक्षकले जाँच्नु पर्दछ । यसका साथै नमूना संवादको अभ्यास लेखाउन लगाउने वाक्य प्रयोग गर्न, पढेका कुराहरू बुझेर उत्तर लेख्न लगाउन सकिन्छ ।

त्यसैगरी 'स्वास्थ्य नै सम्पत्ति हो' 'सरल नेपाली माला' भित्र समाविष्ट संवाद हो । यो पाठ भाषाको लेखाइ सीप विकासका लागि महत्त्वपूर्ण मानिन्छ । यस पाठको अभ्यासमा लेखाइ सीप विकासमा बढी जोड दिएको पाइन्छ । यस लेखाइ सीपको अभ्यासले भाषिक सीपमा ठूलो सहयोग पुऱ्याउँदछ । यसबाट पनि श्रुतिलेखन, अनुच्छेद लेखन संवाद,

वाक्य बनाउने अभ्यास आदि क्रियाकलाप गराएर विद्यार्थीहरूमा लेखाइ सीपको विकासमा जोड दिएको पाइन्छ । तसर्थ, यी तीनवटा संवादहरूमध्ये स्वास्थ्य नै सम्पत्ति हो' भन्ने पाठ भाषिक आर्जनका दृष्टिले बढी उपयुक्त छ ।

### ४.४.८ बाह्य पक्षका आधारमा बिहेको निम्तो, पशुपन्छी र हाम्रो कर्तव्य र स्वास्थ्य नै सम्पत्ति हो संवादको तुलनात्मक विश्लेषण

**क) छपाइ र बँधाइ**

'बिहेको निम्तो' 'पशुपन्छी र हाम्रो कर्तव्य गरी दुई वटा संवाद सरकारी विद्यालयको कक्षा चारको मेरो नेपाली किताबमा समाविष्ट रहेको छ । यो पाठ्यपुस्तकको बँधाइ कमजोर खालको रहको छ । पाठ भित्रको अक्षरको छपाइ मधुरो, खालको छ । अक्षर छपाइमा कालो मसीको प्रयोग रहेको छ । अर्को पाठ्यपुस्तक निजी विद्यालयको कक्षा चारको सरल नेपाली माला रहेको छ । यो पाठ्यपुस्तकको बँधाइ बलियो रहेको छ । पाठभित्रको अक्षरको छपाइ चहकिलो स्पष्ट देख्न सकिने खालको छ । कालोमसीको प्रयोग भएपनि ठाउँ-ठाउँमा रङ मसीको समेत प्रयोगले छपाइमा आकर्षण झल्किएको पाइन्छ । तसर्थ तुलनात्मक रूपमा 'सरल नेपाली माला' कक्षा चार भित्र समाविष्ट स्वास्थ्य नै सम्पत्ति हो भन्ने संवाद गुणस्तर र आकर्षक रहेको छ ।

**ख) कागजी स्तर**

बिहेको निम्तो र पशुपन्छी र हाम्रो कर्तव्य नामक पाठ भित्रको कागजको स्तर कमजोर, पातलो खालको रहेको छ ।

स्वास्थ्य नै सम्पत्ति हो भन्ने सरल नेपाली माला भित्र पाठ्यपुस्तकको कागजको स्तर बाक्लो, चिल्लो, सेतो रहेको छ । तसर्थ यो गुणस्तरीय किसिमको रहेको छ ।

**ग) अक्षराकार, किराना अन्तराल**

भाषा पाठ्यपुस्तकमा प्रयोग गरिने अक्षरको आकार, ठाउँ छोडाइ र अन्तरालले टङ्कण सम्बन्धि प्रविधिलाई जनाउँछ । विद्यार्थीको तह, कक्षा र उमेर अनुसार अक्षराकार र अन्तराल फरक-फरक हुन्छन् । भाषा पाठ्यपुस्तकमाप्रयोग गरिने अक्षरको आकार कक्षाअनुसार यस्तो रहनु राम्रो हुन्छ (पोखले र काफ्ले २०७३, पृष्ठ : ९०) ।

तालिका नं. : ५

| कक्षा | अक्षाकार |
|---|---|
| पूर्व प्राथमिक | १३० प्वाइन्ट |
| १ | ६० प्वाइन्ट |
| २ | २४-३६ प्वाइन्ट |
| ३ | १८-२० प्वाइन्ट |
| ४/५ | १६-१८ प्वाइन्ट |
| ५ भन्दा | १४ |

मेरो नेपाली किताव कक्षा चारमा बिहेको निम्तो पाठ भित्र अक्षरको आकार १७ प्वाइन्टको रहेको छ। त्यसैगरी पशुपन्छी र हाम्रो कर्तव्य पाठको अक्षर को आकार पनि १७ प्वाइन्टको छ। स्वास्थ्य नै सम्पत्ति हो पाठमा अक्षरको आकार १८ प्वाइन्टको रहेको छ। कक्षा ४ मा पढ्ने बालबलिकाहरूको उमेर र स्तरलाई ख्याल गर्दा अक्षराकार १८ प्वाइन्ट भएको स्वास्थ्य नै सम्पत्ति हो पाठ उपयोगी ठहर्छ।

पाठमा शीर्षक, उपशीर्षक, पाठ्यांश र अभ्यासका अक्षरहरूको आकारमा पनि भिन्नता हुन्छ। भाषा पाठ्यपुस्तकमा अक्षर, शब्द पङ्क्ति र अनुच्छेदबीच कक्षा अनुसार अन्तरालमा भिन्नता रहन्छ। यस्तो भिन्नतालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

तालिका नं. : ६

| कक्षा | अक्षर अक्षरमा | शब्द शब्दमा | पङक्ति पङक्तिमा | अनुच्छेद-अनुच्छेदमा |
|---|---|---|---|---|
| १ | १/६ इन्च | १/४ इन्च | १/२ इन्च | ३/४ इन्च |
| २ | १/८ इन्च | १/६ इन्च | १/४ इन्च | १/२ इन्च |
| ३ | १/९ इन्च | १/८ इन्च | १/५ इन्च | १/३ इन्च |
| ४ भन्दा माथि | १/१० इन्च | १/९ इन्च | १/५ इन्च | १/४ इन्च |

भाषा पाठ्यपुस्तकको भित्री कागजको तल, माथि, दायाँ र बायाँमा पनि उपर्युक्त खालको ठाउँ छोडाइ हुनुपर्छ । यसलाई निम्नानुसार देखाउन सकिन्छ :

कागजको किनारा माथि तल बायाँ र दायाँ

↑ ↓ ← →

१/१ १/२ १ इन्च १-१ इन्च १/२

स्रोत : पोखरेल केशवराज र काफ्ले उमेश (२०७३)

बिहेको निम्तो र पशुपन्छी र हाम्रो कर्तव्य पाठ्य पुस्तकको भित्री कागजको माथि ०.५ तल ०.८ दायाँ ०.५ र वायाँ ०.५ इन्च ठाउँ छोडेको पाइन्छ । स्वास्थ नै सम्पत्ति हो पाठको माथि र तल ०.५ इन्च र दायाँ र वायाँ पनि ०.५ इन्च ठाउँ छोडेको पाइन्छ ।तसर्थ तुलनात्मक रूपमा बिहेको निम्तो र पशुपन्छी र हाम्रो कर्तव्य संवादको अक्षर छोडाइको अवस्था एकरूपता नभएको पाइयो ।

### घ) मूल्य र सुलभता

मेरो नेपाली किताव कक्षा चारको मूल्य सस्तो रहेको छभने निजी विद्यालयको सरल नेपाली माला कक्षा चारको मूल्य रु १९०।- रहेको छ । यधपि मूल्य बढी भएपनि यसको गुणस्तर र टिकाउ राम्रो रहेको पाइन्छ । सरकारी विद्यालयमा शैक्षिकसत्र शुरु भएको एक महिना विति सक्दा पनि समयमा पाठ्यपुस्तक पुग्न सक्दैन, तर निजी विद्यालयहरूले शैक्षिक सत्रको समयमानै विद्यार्थीहरूको हात हातमा पाठ्यपुस्तक उपलब्ध गराएको यथार्थ पक्ष पाइन्छ ।

## ४.४.९ आन्तरिक विशेषताका आधारमा 'बिहेको निम्तो', 'पशुपन्छि र हाम्रो कर्तव्य' र 'स्वास्थ्य नै सम्पत्ति हो' संवादको तुलनात्मक विश्लेषण

### क) शब्दभण्डार

"विद्यार्थीले जानेकै ८०% शब्द र २०% मात्र नवीन शब्द पाठको शृङ्खलामा प्रवेश गराइनु पर्दछ । पाठ्यपुस्तकमा ५ भागको एक भाग नवीन शब्दहरू बाँकी चार भाग जानेकै शब्द पुनरावृत्त गर्नुपर्दछ (भण्डारी २०६८, पृष्ठ २०६) ।"

बिहेको निम्तो र पशुपन्छी र हाम्रो कर्तव्य संवादमा केही कठिन शब्दहरू प्रयोग भएको छ भने स्वस्थ्य नै सम्पति हो भन्ने संवादमा सामान्य बुझ्न सकिने शब्द मात्र प्रयोग भएका छन् । थोरै मात्र नवीन शब्दको प्रयोग भएको छ । त्यसकारण शब्दभण्डार रखाइको आधारमा पनि स्वास्थ्य नै सम्पति हो भन्ने संवाद उपर्युक्त रहेको छ ।

**ख) भाषा संरचना**

"विषय वस्तुलाई सरल र जटिल बनाउने मुख्य तत्त्व भाषा नै हो । भाषिक दृष्टिले विद्यालय तहका पुराना र नयाँ (बर्तमान्) भाषा पाठ्यपुस्तकहरू कमजोर देखिन्छन्(भण्डारी २०६८, पृष्ठ २०७) ।"

बिहेको निम्तो र पशुपन्छी र हाम्रो कर्तव्य संवादमा उखान टुक्का र लामा वाक्य संरचनाको प्रयोग भएको छ । यसकारण विषयवस्तुलाई बुझ्न गाह्रो हुन्छ ।

'स्वास्थय नै सम्पत्ति हो' संवादमा सामान्य, सरल भाषा संरचनाको प्रयोग भएको छ । सरल, शब्द र वाक्य गठनको प्रयोगले विद्यार्थीहरूलाई बुझ्न सजिलो भएको छ । धेरै जसो शब्दहरू विद्यार्थीहरूले जाने, बुझेको नै प्रयोग भएको छ ।

**ग) चित्र**

"कथ्य कुराको दृश्यात्मक पुष्टिका लागि चित्रहरूको पनि प्रयोग गरिन्छ । 'सय वाक्यले बुझाउन नसक्ने विषयलाई एउटै चित्रले तत्कालै बुझाउँछ' (भण्डारी २०६८, पृष्ठ २०९) ।"

भाषा पाठ्यपुस्तकमा चित्रको प्रयोगले विद्यार्थीहरूलाई छलफल गर्न, अनुमान गर्न, वर्णन गर्न, तुलना गर्न आदि क्षमताको विकास गराउन सकिन्छ ।

बिहेको निम्तो पाठमा ३ वटा साधा चित्र रहेको छ । पशुपन्छी र हाम्रो कर्तव्य पाठमा पनि १ वटा चित्र साधा नै रहेको छ ।

यस प्रकारको साधा, आकर्षक नदेखिने चित्र भएकाले खासै विद्यार्थीहरूको रुचि पाठतर्फ नभएको पाइन्छ ।

'स्वास्थ्य नै सम्पत्ति हो' पाठमा आकर्षक रङ्गीन चित्रको प्रयोग भएको छ। संवादको विषयवस्तुलाई स्पष्टसँग चित्रले बुझाएको छ। विद्यार्थीहरूको पाठप्रतिको अभिरुचि चित्रले आकर्षित गरेको छ।

**घ) अभ्यास**

भाषिक सीपहरू अभ्यासद्वारा मात्र प्राप्त गर्न सकिन्छ। लिखित, मौखिक र प्रयोगात्मक गरी तिनै प्रकारका अभ्यासहरू पाठ्यपुस्तकमा समेटिनु पर्दछ। मूलतः पाठगत प्रयोजन र प्रकृतिलाई ख्यालै नगरी सबैमा एकनासको अभ्यासको व्यवस्था गरिएको देखिन्छ।

'बिहेको निम्तो' पाठमा डोल्मा र दावा बीच संवादको नमूना अभ्यास १३ मा दिएको छ। एउटा पूरा वाक्य पाठमा दिएपनि दोस्रो वाक्यमा खाली रहेको छ। अभ्यास १५ मा निमन्त्रणा पत्रको अभ्यास राखिएको छ। पाठको सन्दर्भ अनुकूल अभ्यासको क्रम नमिलेको पाइन्छ।

'पशुपन्छी र हाम्रो कर्तव्य' पाठमा अभ्यास ६ मा अनुकरणात्मक शब्दको वाक्यमा प्रयोग गर्ने अभ्यास दिएको छ। अनुकरणात्मक ढाँचाको वाक्य निर्माण गर्दा कठिनाइ हुन्छ। अभ्यास ११ मा उखानटुक्काहरूको अर्थ बताऊ भन्ने अभ्यास दिएको छ। एउटा पाठभित्रबाटै र ३ वटा चाहि फरक उखान रहेको छ। यसको अर्थ बताउन विद्यार्थीहरूले गाह्रो मान्ने गर्दछन्।

'स्वास्थ्य नै सम्पत्ति हो' पाठमा भाषिक सीप सुनाइ बोलाई अभ्यास १ देखि ४ सम्म राखिएको छ। त्यसपछि पढाइ र लेखाइ सीप अभ्यास ५ देखि ६ सम्म रहेको छ। यसमा प्रश्नोत्तर र मिल्दो वाक्य सार्ने रहेको छ। शब्दभण्डार अन्तर्गत १ देखि ४ सम्म जोडामिलाउने, खाली ठाउँ भर्ने, वाक्यमा प्रयोग गर्ने रहेको छ। त्यसपछि व्याकरण १ देखि ५ सम्म रहेको छ। जसमा क्रियापद, निपातको वाक्यमा प्रयोग, चिन्हको प्रयोग रहेको छ। काका र सोनुबीच संवादको नमूना अभ्यास रङगिन चित्र सहित राखिएको छ। यो नमूना अभ्यासलाई सृजनात्मक अभ्यास नाम राखिएको छ। तसर्थ तुलनात्मक रूपमा छुट्टाछुट्टै भाषिक सीप सिकाउने प्रयोजनले अभ्यास राखिएको हुँदा स्वास्थ्य नै सम्पति हो भन्ने पाठको अभ्यास बढी उपयोगी र व्यवहारिक मान्न सकिन्छ।

**घ) छनोट र स्तरण**

बिहेको निम्तो र पशुपन्छी र हाम्रो कर्तव्य पाठमा कठिन शब्द र लामो वाक्यको प्रयोग गरिएको पाइन्छ । कक्षा ४ मा पढ्ने बालबालिकाको उमेर, स्तर र तह अनुसार उपयुक्त मानिदैन । ज्ञान, सीप अभिवृद्धि गर्नमा यस पाठले मद्दत गरेपनि यस तहका बालबालिकाको बौद्धिक र मानसिक परिपक्कता खासै भएको हुदैन । तसर्थ हर्लकका अनुसार "व्यक्तिको अन्तरनिहित गुण एवं विशेषताहरू उघारिनु नै परिपक्कता हो भनेका छन् (पौडेल र खनाल २०६८, पृष्ठ : ३३) ।"

त्यसकारण बालबालिकाहरूले सही र गलत छुट्याउन सक्दा मात्र व्यवहार परिवर्तन भएको मान्न सकिन्छ । छनोट र स्तरणका आधारमा यी दुईवटा पाठहरू अनुपयुक्त रहेको मान्न सकिन्छ ।

अर्को पाठ स्वास्थ्य नै सम्पत्ति हो संवादमा छोटा सरल शब्द र वाक्यको मात्र प्रयोग भएको छ । बालबालिकाहरूले घर परिवार, साथी समूह र विद्यालयमा जाने बुझ्ेका शब्द र भाषा संरचनाको प्रयोग गरिएको पाइन्छ । यस पाठमा सोनाम, समीर, समिता र गुरुआमा पात्रहरूको चयन गरिदा कक्षामा नमूना अभ्यास गराउन समेत सजिलो भएको पाइन्छ । छनोट र स्तरणको आधारमा भन्नु पर्दा विद्यार्थीहरूको स्तर, उमेर, तह क्षमताको ख्याल गरी शब्द, वाक्य र भाषा संरचनाको प्रयोग गरेको पाइयो । मानवीय जीवन स्वस्थ्य रहयो भने मात्र ज्ञान, सीप सिक्न सकिन्छ । तसर्थ विद्वानहरूले भनेका छन् , 'स्वास्थ्य मस्तिस्कमा स्वस्थ्य विचार जन्मन्छ ।' बालबालिकाहरूको दैनिक जीवन, स्वास्थ्य सरसफाई, खान पान सबै कुरा घरपरिवारसँग निर्भर रहन्छ । वर्तमान सन्दर्भमा यो पाठ मानवीय स्वास्थ्य एउटा सम्पत्ति कै रूपमा रहेकाले छनोट शीर्षकको आधारमा पनि निकै महत्त्वपूर्ण रहेको छ । यो पाठ छनोट गरिनुले स-साना बालबालिकाहरूका लागि दैनिक सरसफाई गर्न स्वास्थ्य पोषिलो खानेकुरा खान  आदि कुरा व्यवहारिक रूपमा सिकाउने कार्यमा ठूलो मद्दत पुऱ्याएको छ । बर्षेनी बालबालिकाहरू विभिन्न रोगबाट धेरैले अकालमै ज्यान गुमाउनु परेको स्थिति छ । त्यसकारण वर्तमान् सन्दर्भमा समय अनुकूल पाठ रहेको मानिन्छ ।

# परिच्छेद पाँच : उपसंहार तथा निष्कर्ष

यस शोधपत्रको अध्ययन सूक्ष्म ढङ्गले गरिएको छ । एउटै कक्षामा पढाइ हुने दुई भाषा पाठ्यपुस्तकभित्र समाविष्ट रूपक विधाको स्तरीयता र भाषिक सीपको तुलनात्मक विश्लेषण गरी सबल र दुर्बल पक्षहरू केलाई निष्कर्षमा पुग्ने काम गरिएको छ । तसर्थ यी दुई पाठ्यपुस्तकको विवेच्य पाठहरूको निष्कर्ष निम्नानुसार उल्लेख गरिएको छ :

## ५.१ मेरो नेपाली किताब कक्षा चारकोरूपक विधा विश्लेषणको निष्कर्ष

१. नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र (२०६५) द्वारा निर्धारित प्राथमिक विद्यालय तह कक्षा चारको नेपाली भाषा पाठ्यपुस्तकभित्र समाविष्ट रूपक विधाका पाठहरू पाठ्यक्रमले निर्धारण गरेको विधाको क्षेत्र, क्रम अनुसार छनौट र स्तरण गरिएको छ ।

२. मेरो नेपाली किताबमा पाठ्यपुस्तकमा २१ वटा पाठहरू रहेको छ । यसमा पाठ सातमा ‘बिहेको निम्तो’ र पाठ चौधमा पशुपन्छी र हाम्रो कर्तव्य हो’ भन्ने दुई वटा संवाद राखिएको छ ।

३. भाषिक सीप आर्जनका दृष्टिले ‘बिहेको निम्तो’ पाठमा चारवटा सीपमा नै बढी जोड दिइएको छ । तर पशुपन्छी र हाम्रो कर्तव्य भन्ने पाठमा अलि कम महत्त्व दिएको छ ।

४. ‘बिहेको निम्तो’ पाठमा सरल शब्द र वाक्य रचनाको प्रयोग गरिएको छ । केही नयाँ शब्दहरू पनि पाइन्छन् । तर पशुपन्छी र हाम्रो कर्तव्य पाठमा लामा-लामा वाक्यको प्रयोग गरिएको छ । केही कठिन शब्दहरूको प्रयोग गरेको भेटिन्छ । पाठमा शब्दको अर्थ राखिएको पाइदैन ।

५. यी दुई वटा पाठहरूमा रङ्गीन चित्रको प्रयोग गरेको पाइदैन । कालो मसीको प्रयोग गरिएको छ । अक्षर पनि त्यति चहकिलो छैन ।

६. यी दुवै संवादमा प्रश्नोत्तर शैलीको प्रयोग गरिएको छ । बिहेको निम्तो पाठले बिहे हुन लाग्दा निम्तो दिने कुरालाई प्रतिनिधित्व गरेको छ भने अर्को पाठले बन जङ्गलका दुलर्भ हुँदै गएका पशुपन्छीको सुरक्षा गर्नु पर्ने उपदेशात्मक सन्देश दिएको छ ।

## ५.२ 'सरल नेपाली माला' कक्षा चार भित्र समाविष्ट रूपक विधा विश्लेषणको निष्कर्ष

संस्थागत विद्यालयले नेपाली भाषा पाठ्यपुस्तकका लागि ल्याएको ऋषिकेश आचार्य लेखक तथा सम्पादक र सहसम्पादक नरेश गौतम रहेको सरल नेपाली माला कक्षा चार जेबिडि प्रकाशन भोटाहिटी, काठमाण्डौं (२०६८) द्वारा प्रकाशित किताबभित्रका रूपक विधाको पाठको स्तरीयता र भाषिक सीपका आधारमा निम्नानुसार निष्कर्ष निकालिएको छ :

१. पाठ्यक्रमको निर्देशनका आधारमा विधाको क्षेत्र र क्रम अनुसार पाठको छनौट र स्तरण गरिए पनि मेरो नेपाली किताबको भन्दा रूपक न्यून किसिमको रहेको छ ।

२. सरल नेपाली माला पाठ्यपुस्तकमा १७ वटा मात्र पाठहरू राखिएको पाइन्छ । पाठ आठमा स्वास्थ्य नै सम्पत्ति हो भने संवाद राखिएको छ ।

३. भाषिक सीप आर्जनका दृष्टिले स्वास्थ्य नै सम्पत्ति भएको भन्ने पाठ उपयुक्त रहेको छ ।

४. पाठको तलतिर कठिन शब्दको अर्थ पनि राखिएको छ, यसरी राखिदा विद्यार्थीले कठिन लागेका शब्द तुरुन्तै भेट्न सक्छन् ।

५. पाठमा विभिन्न रङ्गीन चित्रहरूको प्रयोग गरिएको छ । यसमा शब्द र वाक्यमा पनि रातो, हरियो, निलो, कालो मसीको प्रयोगले अक्षर चहकिलो र आकर्षक रहेको पाइन्छ ।

६. भाषा शिक्षण प्रयोजनका दृष्टिले यो पाठ विद्यार्थीहरूलाई धारणात्मक सीप सिकाउन उपयुक्त रहेको छ ।

७. विद्यार्थीहरूको स्तर, रुचि उमेर र तहको लागि स्तर सुहाउदो संवाद रहेको छ ।

८. यस पाठले मानिसको जीवन स्वस्थ्य रहे मात्र बाँचेर केही काम गर्न सकिन्छ भन्ने कुराको मूल सन्देश दिएको छ । स-साना बालबालिकाहरूलाई नियमित सरसफाई हुने, पोषिलो तथा सफा खाने कुरा खाने, शारीरिक व्यायम गर्ने, स्वास्थ्य परीक्षण बेला बेला गर्ने र जाँड, रक्सी खैनी, सूर्ती नखाने आदि ज्ञानका कुरा यस पाठले सिकाएको छ । तसर्थ यो पाठ सन्देशमूलक रहेको छ ।

## ५.३ मेरो नेपाली किताब र सरल नेपाली मालाभित्र समाविष्ट पाठको तुलनात्मक अध्ययनको निष्कर्ष

१. मेरो नेपाली किताब भित्र २ वटा रूपक पाठहरू राखिएको छ। पाठ्यक्रमको निर्देशनका आधारमा विधाहरूको छनोट र स्तरण गरिएको छ। सरल नेपाली मालामा जम्मा १७ वटा मात्र पाठहरू समावेश गरिएको छ। मेरो नेपाली किताब भन्दा न्यून पाठ सङ्ख्या रहेको छ।

२. भाषिक सीप आर्जनका दृष्टिले बिहेको निम्तो पाठ र पशुपन्छी हाम्रो कर्तव्य मध्ये बिहेको निम्तो पाठ बढी उपयुक्त रहेको छ।

३. यी दुई पाठ्यपुस्तक भित्र रहेको संवाद मध्ये 'स्वास्थ्य नै सम्पत्ति हो' भन्ने पाठ बालबालिकाहरूको लागि निकै उपयुक्त मानिन्छ। शरीर स्वास्थ्य, फुर्तिलो र निरोगी राख्न सकेमात्र अन्य काम गर्न सकिने हुदा बालबालिकाहरूलाई व्यवहारिक र प्रयोगात्मक अभ्यास गराउन पनि पाठ महत्त्वपूर्ण रहेको छ।

४. बिहेको निम्तो पाठमा सरल शब्द र वाक्य रचनाको प्रयोग गरिएको पाइन्छ। पशुपन्छीर हाम्रो कर्तव्य पाठमा चाँहि केही शब्द र वाक्य कठिन प्रकारको प्रयोग गरिएको भटिन्छ। लामा लामा वाक्य बालबालिकाले बुझ्न निकै गाह्रो हुन्छ। तर स्वास्थ्य नै सम्पत्ति हो भन्ने पाठमा सरल शब्द र वाक्यको प्रयोग गरिएको छ। त्यसकारण बुझ्न पनि सजिलो खालको रहेको छ।

५. बिहेको निम्तो र पशुपन्छी हाम्रो कर्तव्य पाठमा रङ्गीन चित्रको प्रयोग गरेको पाइदैन। कालो मसीको प्रयोग पान्छ। अक्षरहरू त्यति चहकिलो छैन। ठाउँ-ठाउँमा मधुरो अक्षर पाइन्छ। तर स्वास्थ्य नै सम्पत्ति हो भन्ने पाठमा रङ्गीन चित्रको प्रयोग गरिएको छ। विभिन्न रङ्गीन मसीको प्रयोगले अक्षरहरू चहकिलो र आकर्षक रहेको पाइन्छ।

६. यी दुईवटा पाठ्यपुस्तक भित्र रहेको संवादको भाषा प्रश्नोत्तर शैलीको रहेको छ।

७. बाह्य दृष्टिका आधारमा मेरो नेपाली किताबमा प्रयोग गरिएको कागजको स्तर पातलो र कमजोर स्तरको रहेको छ। तर सरल नेपाली मालाको कागजको स्तर बाक्लो, चिल्लो खालको प्रयोग गरिएको छ।

**५.४ मेरो नेपाली किताब कक्षा चारको रूपक विधाको पाठहरूको सबल तथा दुर्बल पक्षहरू**

१. नेपाली भाषा पाठ्यक्रमले निर्धारण गरेको पाठ सङ्ख्या विधागत छनोट कक्षाको स्तर र भाषिक क्षेत्र तथा अङ्कभार वितरणलाई ध्यान दिई पाठ्यपुस्तक तयार गरिएको पाइनु यसको सबल पक्ष मानिन्छ ।

२. पाठ्यक्रममा निर्धारण गरिएका साधारण उद्देश्य र विशिष्ट उद्देश्यलाई ध्यानमा राखी पाठ्यपुस्तकमा विभिन्न विधाहरू समायोजन गरिनु यसको सबल पक्ष मानिन्छ ।

३. समय सापेक्ष उपयोगी हुने खालका पाठ्यसामाग्री चित्र, मसीको प्रयोग, कागजको स्तर कमजोर प्रकारको प्रयोग गर्नु यसको दुर्वल पक्ष हो ।

४. भाषिक सीपका सबै पक्षलाई समेट्ने कोशिस भएपनि शब्द र वाक्यहरूको छनोटमा विद्यार्थीहरूको रुचि, उमेर, पूर्व क्षमता, मानसिक दक्षता आदि पक्षलाई वेवास्ता गर्नु यसको दुर्वल पक्ष मानिन्छ ।

५. नेपाली भाषा सम्बन्धि शुद्धाशुद्धी स्तरीय मानक भाषा बनाउने कुरामा विद्वान र भाषाविद्वहरूबीच बेला बेला खटपटी हुने र एक मत हुन नसक्नु यसको दुर्वल पक्ष हो ।

**५.५ 'सरल नेपाली माला' कक्षा चारको रूपक विधाको पाठहरूको सबल तथा दुर्बल पक्षहरू**

१. नेपाली भाषा पाठ्यक्रमले निर्धारण गरेको भाषाको विशिष्ट उद्देश्य प्राप्तिमा जोड दिनु यसको सबल पक्ष हो ।

२. नेपाली भाषाका विविध विधा पाठ्यांशमा समावेश गर्नु यसको सबल पक्ष हो ।

३. पाठ्यपुस्तकमा रङ्गीन मसीको प्रयोग गरिएको हुँदा रङ्गीन चित्र, शब्द र वाक्यको छनोटले विद्यार्थीहरूको ध्यान पाठतिर केन्द्रित बनाउन सक्नु यसको सबल पक्ष हो ।

४. पाठ्यपुस्तकमा पाठको तल कठिन शब्दहरूको अर्थ राखिनु व्यवहारिक जानेबुझेका शब्दहरूको प्रयोग गरिनु यसको सबल पक्ष मानिन्छ ।

५. बाह्य दृष्टिका आधारमा गुणस्तर, बाक्लो र चिल्लो कागजको प्रयोग गरिनु यसको सबल पक्ष हो ।

६. नेपाली भाषा पाठ्यक्रमले निर्धारण गरे अनुसारको पाठ संख्या कम राखिनु यसको दुर्बल पक्ष हो ।

## ५.६ शोधको शैक्षिक प्रयोजन

१. यस शोधले भावि अनुसन्धानका लागि रूपक विधासँग सम्बन्धित भई शोध तथा अनुसन्धान गर्न आधार प्रदान गर्नेछ ।

२. प्राथमिक तहको नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका रूपक विधाका पाठहरू पाठ्यक्रमका उद्देश्य अनुरूप भए नभएको अध्ययन गरी सुधार गर्न प्रस्तुत शोधले सघाउ पुऱ्याउने छ ।

३. रूपक विधा अन्तर्गतका नाटक, एकाङ्की, संवाद, मनोवाद, र वक्तृता पाठहरूको विधागत संरचना र विधागत अध्ययन गर्न सहयोग गर्नेछ ।

४. सरकारी र निजी विद्यालयका नेपाली भाषा पाठ्यपुस्तकका बारेमा चासो राख्ने पाठकहरूका लागि यसले सैद्धान्तिक र व्यवहारिक ज्ञान प्राप्त गर्न सहयोग पुऱ्याउन सक्नेछ ।

५. विद्यालय तहमा अध्यापन गर्ने सम्पूर्ण शिक्षक शिक्षिकाहरूलाई रूपक विधाका बारेमा सैद्धान्तिक र व्यवहारिक ज्ञान प्राप्त गर्न सहयोग पुऱ्याउने छ ।

६. स्तरीय मानक भाषा छनोट तथा अधिकारीक बनाउने क्रममा विद्वान्, भाषाविद्वहरूबीच एकमत नहुनुले बालमनोविज्ञानमा प्रत्यक्ष असर पारेको छ । तसर्थ प्रस्तुत शोधले वालवालिकाहरूको स्तर, उमेर रुचि र वालमनोविज्ञानलाई ध्यान दिई आधारभूत तह उच्च तहसम्म भाषा छनोटमा एकरूपता ल्याउनमा सहयोग पुऱ्याउनेछ ।

## ५.७ भावी अनुसन्धानका लागि रूपक विधाबाट लेख्न सकिने सम्बन्धित केही शीर्षकहरू

१. प्राथमिक  तहको नेपाली भाषा शिक्षणमा रूपक विधाको आवश्यकता र महत्त्वको अध्ययन ।

२. मेरो नेपाली किताब कक्षा चारमा प्रयुक्त रूपक विधाका पाठबाट विद्यार्थीहरूले प्राप्त गर्ने शब्द भण्डारको अध्ययन तथा विश्लेषण

३. मेरो नेपाली किताब कक्षा चार र सरल नेपालीमाला कक्षा ५ मा प्रयुक्तरूपक विधाका पाठहरूको तुलनात्मक अध्ययन र विश्लेषण

४. भाषिक सीप आर्जनका दृष्टिले मेरो नेपाली किताव कक्षा चारमा समाविष्ट कथा र रूपक विधाको तुलनात्मक अध्ययन ।

**५.८ सुझावहरू**

१. प्राथमिक तहमा रूपक विधाका संवाद मात्र होइन वादविवाद र अन्य विधा पनि कक्षाको स्तर हेरी राखिनुपर्दछ ।

२. भाषिक सीप आर्जनमा भाषाका अन्य विधा कथा, कविता, निबन्ध प्रवन्ध, जीवनी भन्दा रूपकले बढी प्रभाव पार्ने हुँदा सबै विधाका समान संख्यामा पाठहरू समायोजन गरेमा उपयुक्त हुन्छ ।

३. निजी विद्यालयहरूमा उपयोग गरिने पाठ्यपुस्तकहरू पाठ्यक्रमको निर्देशन अनुसार तयार पारी नेपाल सरकारको सम्बन्धित निकायबाट निरीक्षण तथा परीक्षण पछि मात्र स्वीकृत गरी उपयोगमा ल्याउनु उपयुक्त हुन्छ ।

४. निजी विद्यालयमा नेपाली भाषामा बालबालिकाहरू पछि पर्नुको कारण स्तरीय नेपाली भाषा पाठ्यपुस्तकको कारण पनि हो । त्यसैले स्तरीय पाठ्यसामग्री प्रयोगमा ल्याउनु पर्ने कुरामा जोड दिइन्छ ।

५. हाल प्रयोगमा भएका नेपाली भाषाका पाठ्यपुस्तकबाट रूपक विधामा पढाइ तथा सुनाइ सीपसँग सम्बन्धित उद्देश्य र कक्षामा गरिने क्रियाकलापहरू न्यून सङ्ख्यामा समावेश गरिएकाले भाषिक सीपका सबै क्षेत्रमा समान जोड दिन भाषाविद्हरूको ध्यान आकर्षण गरिन्छ ।

६. मेरो नेपाली कितावमा रङ्गीन चित्रहरूको प्रयोग गरिनु पर्ने देखिन्छ । बाक्लो र चिल्लो कागजको प्रयोग गर्नु पर्ने र चहकिलो मसीको प्रयोग गरिनु पर्ने देखिन्छ ।

# सन्दर्भग्रन्थसूची


अधिकारी, हेमाङ्राज र केदारप्रसाद शर्मा (२०५५), *प्रारम्भिक नेपाली शिक्षण,* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्राज र केदारप्रसाद शर्मा (२०६५), छैटौ संस्करण, *नेपाली भाषाशिक्षण परिचय,* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, विष्णुप्रसाद (२०६९/०७०), *माध्यमिक शिक्षक दिग्दर्शन,* काठमाडौ : आशिस बुक्स हाउस प्रा.लि. बागवजार ।

अधिकारी, विष्णुप्रसाद (२०१३), *प्राथमिक शिक्षक दिग्दर्शन,* काठमाडौ : आशिस बुक्स हाउस प्रा.लि. बागवजार ।

अधिकारी, उमा (२०७०), *कक्षा ४ को मेरो नेपाली किताब र रसिलो नेपाली मालाभित्र समाविष्ट कथा विधाको तुलनात्मक अध्ययन* : सुकुना बहुमुखी क्याम्पस इन्द्रपुरमा प्रस्तुत अप्रकाशित शोधपत्र ।

आचार्य, ऋषिकेश (२०६८), *सरल नेपाली माला कक्षा ४,*काठमाडौ : जेबिडी प्रकाशन , भोटाहिटी ।

कोइराला विद्यानाथ (२०६८), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधारहरू (दोस्रो संस्करण),* पिनाकल पब्लिकेशन ।

कोइराला, विद्यानाथ (२०७२), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधारहरू,* पिनाकल पब्लिकेशन ।

खनाल, देवेन्द्रराम(२०५७), *कक्षा-आठको 'हाम्रो नेपाली किताब' मा समाविष्ट रूपक विधाको विश्लेषण,*काठमाडौं : महेन्द्र रत्न क्याम्पस ताहाचलमा प्रस्तुत अप्रकाशित शोधपत्र ।

गौतम, दुर्गाप्रसाद (२०६५) *कक्षा-७ का हाम्रो नेपाली किताब र मेरो नेपाली माला पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन,* सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुरमा प्रस्तुत अप्रकाशित शोधपत्र ।

नेपाल सरकार (२०६६),*मेरो नेपाली कक्षा ४,* शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुर ।

नेपाल सरकार (२०६५), *प्राथमिक शिक्षा पाठ्यक्रम,* शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।

नेपाल प्रज्ञा प्रतिष्ठान (२०७२), नेपाली बृहत शब्दकोष ।

नेपाल सरकार शिक्षा मन्त्रालय (२०६३) *कक्षा ४ को मेरो नेपाली किताब,* भक्तपुरः पाठ्यक्रम विकास केन्द्र, सानोठिमी ।

पोखरेल, केशवराज र काफ्ले, उमेश (२०७३), *नेपाली भाषा पाठ्यक्रम पाठ्यपुस्तक तथा शिषण पद्धति,* काठमाण्डौः क्याम्ब्रिज पब्लिकेशन प्रा.लि.।

पौडेल, लेखनाथ र पेशल खनाल (२०६८), *शैक्षणिक मनोविज्ञान,* सनलाइट पब्लिकेशन, कीर्तिपुर  काठमाडौ ।

पौडेल, रामप्रसाद(२०६१), *माध्यमिक तहमा पुरानो पाठ्यपुस्तक महेन्द्र माला र हालको नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन,* काठमाडौ : महेन्द्र रत्न क्याम्पस, ताहाचलमा प्रस्तुत अप्रकाशित शोधपत्र  ।

भट्टराई, शकुन्तला (२०६९) *कक्षा ७ को हाम्रो नेपाली किताब र  नयाँ नेपाली शृङ्खला भित्र समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन* : सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर, मोरङमा प्रस्तुत अप्रकाशित शोधपत्र ।

भट्टराई, रामप्रसाद (२०६८), दोस्रो संस्करण,*भाषिक अनुसन्धान विधि परिचय र प्रयोग,* काठमाडौ : शुभकामना प्रकाशनप्रा.लि. ताहाचल ।

भण्डारी, पारसमणि (२०६८), प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम

भण्डारी, पारसमणि (२०६३), *स्नातकोत्तर नेपाली शिक्षा शोधविवरण,* काठमाडौ : न्यु हिरा बुक्स इन्टरप्राइजेज, कीर्तिपुर ।

भण्डारी, पारसमणि र अन्य (२०६७), तृतीय संस्करण, *नेपाली गद्य र नाटक,* काठमाडौ :विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

लामिछाने, यादवप्रसाद (२०६५) छैटौं संस्करण,*नेपाली भाषाशिक्षण परिचय,* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

शर्मा, चिरञ्जिवी र निर्मला शर्मा (२०६५), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,* एम.के पब्लिशर्स एण्ड डिस्टिव्युटर्स भोटाहिटी काठमाडौ ।

शर्मा, मोहनराज र लुइटेल (२०६०), *नेपाली कविता र आख्यान,* काठमाडौः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

Sixth Edition Manual of theAmerican psychological Association, Washigton DC